# गल्छी गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## (Revenue Improvement Action Plan)

(अन्तिम प्रतिवेदन)

**गाउँ कार्यपालिकाको कार्यालय**

बैरेनी, धादिङ, बागमती प्रदेश

२०७७

**दस्तावेज/प्रतिवेदन**

| | |
|---|---|
| **दस्तावेज :** | *गल्छी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना* |
| **आर्थिक सहयोग :** | *भूकम्पपश्चात्को पुनर्निर्माणको लागि बेलायत सरकारको सहयोग (पूर्णिमा)* |
| **प्राविधिक सहयोग :** | *सपोर्ट फर डेभलपमेन्ट ईनिसियटिभ्स कन्सल्टेन्सि प्रा.लि., काठमाडौं* |
| **मिति :** | *२०७७* |
| **सर्वाधिकार :** | *गाउँ कार्यपालिकाको कार्यालय, गल्छी* |

**कृतज्ञता ज्ञापन**

*गल्छी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यलाई सफल बनाउन सहयोग पुऱ्याउनु हुने गाउँपालिकाका अध्यक्ष श्री कृष्णहरि श्रेष्ठ, उपाध्यक्ष श्री राधा तिमल्सिना (लामिछाने), प्रमुख प्रशासकीय अधिकृत श्री मोहन कुमार श्रेष्ठ तथा कार्यपालिका सदस्यहरू, गाउँपालिकाका कर्मचारीहरूलगायत सबैमा परामर्शदाताको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । त्यसैगरी, यस कार्यमा रचनात्मक सुझाव तथा सहयोग प्रदान गर्नुहुने सरोकारवालाहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।*

***एस.डि.आई.सि. परिवार***

# विषय सूची


*विषय सूची* ३

*तालिका सूची* ५

*परिच्छेद- १ : परिचय* ६

१.१ पृष्ठभूमि ६

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य ६

१.३ कार्यक्रमको उद्देश्य ७

१.४ कार्यक्रमको क्षेत्र ७

१.५ कार्यक्रम संचालन विधि तथा प्रक्रिया ७

१.६ अध्ययनको सीमा ९

*परिच्छेद- २ : गाउँपालिकाको संक्षिप्त परिचय* ११

२.१ गाउँपालिकाको अवस्थिति ११

२.२ गाउँपालिकाको गठन तथा नामकरण १२

२.३ भौगोलिक-प्राकृतिक अवस्था १२

२.४ जनसांख्यिक अवस्था १२

२.५ आर्थिक अवस्था १३

२.६ व्यवसायिक संस्था तथा व्यापारिक केन्द्र १३

२.७ ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक महत्वका स्थल एवम् पर्यटकीय सम्भावना १४

२.८ मानवीय स्रोत १५

२.९ भौतिक स्रोत १५

*परिच्छेद- ३ : राजस्व अधिकार तथा आय सम्भाव्यता* १६

३.१ स्थानीय तहको राजस्व अधिकार सम्वन्धी संवैधानिक तथा कानुनी व्यवस्था १६

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था १९

३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २१

*परिच्छेद- ४ : नीतिगत व्यवस्था र राजस्व संकलनको अवस्था* ३२

४.१ राजस्व परिचालनसम्बन्धी संरचना ३२

४.२ राजस्व परिचालनसम्बन्धी नीति ३२

४.३ विगतको आय परिचालनको अवस्था ३३

४.४ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ३५

४.५ राजस्व परिचालनमा रहेका सवालहरु ३५

*परिच्छेद- ५ : राजस्व सुधार कार्ययोजना* ३७

५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ३७

*परिच्छेद- ६ : आय प्रक्षेपण* ४२
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ४२
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ४४
*परिच्छेद- ७ : कार्ययोजनाको अनुगमन तथा मूल्यांकन* ४७
*परिच्छेद- ८ : निष्कर्ष तथा सुझाव* ४८
८.१ निष्कर्ष तथा सुझाव ४८
*अनुसूचीहरु* ५०
अनुसूची १ : सन्दर्भ सामग्रीहरु ५१
अनुसूची २ : तथ्यांकरसूचना संकलनका लागि तयार गरिएको सूची तथा फारम ५२
अनुसूची ३ : अन्तिम कार्यशाला गोष्ठीका सहभागीहरको नामावली तथा माईन्यूट ५६
अनुसूची ४ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा ५८
अनुसूची ५ : आ.व. २०७७-०७८ का लागि आर्थिक विधेयक मस्यौदा ५९

# तालिका सूची


तालिका १: गाउँपालिका वडा र क्षेत्रफल ११
तालिका २: भू-उपयोग १२
तालिका ३: गाउँपालिकाको मुख्य व्यापारिक केन्द्रहरूको विवरण १४
तालिका ४: पर्यटकीय स्थलहरूको विवरण १४
तालिका ५: गल्छी गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरुको पदस्तह अनुसारको संख्या १५
तालिका ६: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था १९
तालिका ७: सम्पत्ति कर सम्भाव्यता अनुमान २२
तालिका ८: सम्भाव्य मालपोत करदाता तथा मालपोत २३
तालिका ९: सम्भाव्य घरजग्गा बहाल कर २४
तालिका १०: व्यवसाय कर सम्भाव्यता अनुमान २४
तालिका ११: बिक्रीबाट प्राप्त हुने सम्भाव्य राजस्व २७
तालिका १२: वातावरणीय परीक्षण अनुसार उत्खन्न्योग्य परिमाण २८
तालिका १३: बहाल बिटौरी शुल्कको सम्भावना २८
तालिका १४: नक्सापास दस्तुरवापतको आय अनुमान २९
तालिका १५: सम्पत्तिको बहालबापतको सम्भाव्य आय अनुमान ३१
तालिका १६: राजस्व परामर्श समिति ३२
तालिका १७: गाउँपालिकाको आय वृद्धिदर ३३
तालिका १८: गाउँपालिकाको कुल आयमा योगदान ३४
तालिका १९: राजस्व सुधार कार्ययोजना ३७
तालिका २०: आगामी तीन आव.का लागि राजस्व प्रक्षेपणका आधार ४२
तालिका २१: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ४४
तालिका २२: प्रक्षेपित आय संरचना ४८

# परिच्छेद- १ : परिचय

## १.१ पृष्ठभूमि

राजस्वसम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गर्ने प्रयोजनमा सहजीकरण गर्ने उद्देश्यले धादिङ जिल्लाको गल्छी गाउँपालिकाले यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan - RIAP) प्रतिवेदन तयार गरेको हो । दातृ संस्थाको आर्थिक सहयोग एवम् विज्ञ संस्थाको प्राविधिक सहयोगमा गाउँपालिकाले तयार गरेको यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्नुका अतिरिक्त गाउँपालिकाको आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने छ । यस प्रतिवेदनमा निम्न विषयवस्तुलाई समेटिएको छ :

१. राजस्व सुधार कार्ययोजनाको औचित्य, उद्देश्य तथा तयारी विधि
२. गाउँपालिकाको संक्षिप्त परिचय
३. स्थानीय तहको राजस्व अधिकार तथा आय संभाव्यता
४. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था
५. राजस्व सुधार कार्ययोजना
६. आगामी ३ वर्षको आय प्रक्षेपण
७. निष्कर्ष तथा सुझाव

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

वैधानिक रुपमा नै स्रोत साधनमाथि उल्लेख्य अधिकार प्राप्त भएको लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर रहने र निरन्तर संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था आएमा स्थानीय तहका लागि संविधानप्रदत्त आर्थिक अधिकारहरूमाथि प्रश्नचिन्ह लाग्ने सम्भावना रहन्छ । यस परिप्रेक्ष्यमा स्थानीय सरकारहरूले कानुनले अख्तियारी प्रदान गरेका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा समयमै राजस्वको क्षमता विस्तार गर्दै जान सकेको खण्डमा मात्र अख्तियारप्रदत्त संवैधानिक अधिकारको समुचित प्रयोग गरेको ठहर्छ ।

नेपालको राज्य सञ्चालन संरचना तीन तह (संघ, प्रदेश र स्थानीय) को हुने तथा राज्यशक्तिको प्रयोग तीनवटै तहका सरकारले गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई जनचाहना अनुरुपको व्यवस्थित तथा गतिशील बनाउन बनाउन ठूलो लगानी आवश्यक पर्न जान्छ । यसका लागि स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँट बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐनले आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भएतापनि स्थानीय तहका सरकारहरूले ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न नसकिरहेको गुनासो विभिन्न तहमा रहेको छ । यसको मुख्य कारणमा स्थानीय सरकारको संरचना नयाँ भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

उपरोक्त परिवेशलाई मध्यनजर गर्दै गल्छी गाउँपालिकाको राजस्व प्रक्रियामा सुधारका लागि गाउँपालिकाका कर्मचारी तथा पदाधिकारीहरुसँगको समन्वयमा यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस योजनाले आन्तरिक आय सुधारका लागि विद्यमान अवस्था, समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारीसहित आगामी तीन आ.व.को आयको प्रक्षेपण गरेको हुँदा गाउँपालिकाले प्राथमिकताप्राप्त आयोजनाहरूको आकार आँकलन गर्न सहज हुनेछ ।

राजस्व प्रक्रियामा सुधारका लागि गल्छी गाउँपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यस दस्तावेजको एक प्रमुख उपलब्धीका रुपमा गाउँपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूसँग राजस्व परिचालनको क्षेत्रमा विस्तृत छलफल भई गाउँपालिकाको आन्तरिक आयमा सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान भएको हुनेछ । मुख्य उपलब्धीका रुपमा गाउँपालिकाको कार्ययोजना तयारी भएको हुनेछ तथा आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज तयार भएको हुनेछ ।

## १.३ कार्यक्रमको उद्देश्य

गल्छी गाउँपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपणमा गाउँपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो ।

## १.४ कार्यक्रमको क्षेत्र

यस कार्यक्रमले देहाय अनुसारका क्षेत्रहरू समेटेको छ :

- कोभिड-१९ को महाव्याधीको कारण देशमा लकडाउन चलिरहेको हुँदा गाउँपालिकाको आय अधिकार तथा सुधार योजना सम्बन्धमा अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरू, कार्यपालिकाका पदाधिकारीहरू, राजस्व परामर्श समितिका पदाधिकारीहरू, गाउँपालिकाका शाखा तथा उपशाखा प्रमुखहरू, राजस्व प्रशासनमा संलग्न कर्मचारीहरू, प्रमुख राजनीतिक दल तथा उद्योग वाणिज्य संघका प्रतिनिधि र अन्य सरोकारवालाहरूसँग टेलिफोनको माध्यमबाट सम्भव भएसम्म छलफल गर्ने ।
- शीर्षकगत रुपमा करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- राजस्व प्रशासनको संस्थागत व्यवस्था, बिलिङ्ग तथा आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- आयका नयाँ सम्भावनाहरूको पहिचान गर्दै गाउँपालिकाले अपनाउनु पर्ने आय सुधार रणनीति सहितको राजस्व सुधार कार्य योजना तयार गर्ने ।
- गाउँपालिकाको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आवश्यक सुधारका लागि सुझाव उपलब्ध गराउने ।

## १.५ कार्यक्रम संचालन विधि तथा प्रक्रिया

उल्लिखित कार्यका लागि सम्बन्धित सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा

प्रस्तुतीकरण जस्ता विधिहरू प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ :

### *१.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन*

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू **अनुसूची १** मा दिइएको छ ।

### *१.५.२ तथ्यांक–सूचना संकलन फाराम तथा सूची विकास*

सन्दर्भ सामग्रीको अध्ययन तथा विश्लेषणपश्चात् तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो । गाउँपालिकाको राजस्व सुधार कार्यक्रमको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा प्रस्तुत गरिएको छ ।

### *१.५.२ गाउँपालिकाका पदाधिकारीहरू संग छलफल*

कोभिड-१९ को महाव्याधीको समयमा देशभर लकडाउन चलिरहेको समयमा तर्जुमा गरिएको योजना भएको हुँदा गाउँपालिका गाउँपालिका पदाधिकारी, कर्मचारी तथा सरोकारवालाहरु भेला भई अभिमुखीकरण तथा छलफल गर्न सम्भव भएन । यसर्थ विज्ञ टोली सदस्यले टेलिफोन, स्काइपबाट सम्बन्धित पदाधिकारी तथा सरोकारवालाहरुसँग छलफल गरी सूचना संकलन गरियो ।

### *१.५.२ तथ्यांक–सूचना संकलन*

संकलित तथ्यांक/सूचना देहाअनुसार रहेका छन् :

- गत वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

### *१.५.२ दस्तावेज पुनरावलोकन, तथ्यांक विश्लेषण र मस्यौदा कार्ययोजना तयारी*

संकलित तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्याङ्कीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको छ ।

### *१.५.२ मस्यौदा कार्ययोजना (प्रतिवेदन) सम्बन्धीत पक्ष समक्ष पेश*

मस्यौदा प्रतिवेदन कार्यक्रमका मूख्य सरोकारवालापक्षहरू गाउँपालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको थियो । यस क्रममा गाउँपालिकाका सम्बन्धित शाखा लगायत अन्य सम्बद्धपक्षहरुलाई समेत मस्यौदा प्रतिवेदन उपलब्ध गराई आवश्यक सल्लाह तथा सुझावहरु संकलन गरिएको थियो ।

### *१.५.२ अन्तिम कार्यशाला गोष्ठीको आयोजना*

गल्छी गाउँपालिकाको आयोजनामा २०७७ साल श्रावण २० गते मस्यौदा प्रतिवेदन प्रस्तुति तथा सो उपर सुझाव संकलन को लागि एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी गाँउपालिका उपाध्यक्ष श्री राधा तिमल्सिना (लामिछाने)को अध्यक्षतामा सञ्चालन भएको थियो । कार्यक्रममा परामर्शदातृ संस्थाको तर्फवाट दामोदर गिरी र विमल पोखरेलले शिर्षकगत रुपमा मस्यौदा प्रतिबेदन पेश गरी सो उपर प्राप्त सुझावहरु टिपोट गर्नुभएको थियो । सोही क्रममा राजश्व परामर्श समितिका पदाधिकारीहरुसँग छलफल गरी गाउँपालिकाको अर्थ विधेयक तर्जुमाका विविध पक्षहरु बारे छलफल गर्नुका साथै राजश्व परामर्श समितिको प्रभावकारी परिचालनका उपायहरु माथि अन्तरक्रि या गरिएको थियो ।

अन्त्यमा गाउँपालिकाका उपाध्यक्ष तथा कार्यक्रमका अध्यक्ष श्री राधा तिमल्सिना (लामिछाने) ले आन्तरिक राजस्व कार्यलयको शाखा कार्यलय गल्छी बजारमा आइसकेपछी व्यवसायीहरुलाई केही समज भएको र यसले गाउँपालिकामा समेत व्यवसायहरु दर्ता प्रकृयामा अगाडी बढ्ने कुरामा विश्वस्त भएको जानाकारी गाराउनु भयो । जनतालाई स्थानीय सरकारको अधिकारक्षेत्रका बारेमा जानाकारी गराई राजस्व परिचालन बढाउनमा केही कठीनाई रहेको भएता पनि आगामी दिनमा राजस्व परामर्श समितिलिाई थप कृयाशिल र प्रभावकारी बनाउदै राजस्व बढाउने कुरा व्यक्त गर्नु भयो । यस राजस्व सुधार कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्यवन गर्दै गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारीता ल्याउन प्रतिबद्धता जनाउनु भयो । वहाँले अन्त्यमा यस अध्ययन कार्यका लागि सहयोगी सबै निकायहरु सहित सहभागी सबैलाई धन्यवाद दिदै कार्यक्रमको समापन गर्नु भएको थियो । कार्यक्रममा सहभागीहरुको नामावली **अनुसूची ३** मा दिइएको छ । कार्यक्रममा जम्मा २५ जनाको उपस्थिति रहेको थियो ।

### *१.५.२ प्रतिवेदनको अन्तिम रूप*

गाउँपालिकाका राजस्वसंग सम्बन्धीत मूख्य सरोकारवालापक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहरू प्रदान गुर्नभएको थियो । त्यसैगरी मस्यौदा प्रस्तुति तथा छलफल कार्यक्रमबाट पनि विभिन्न सुझाव तथा सल्लाहरू प्राप्त भएको थियो । यसरी प्राप्त सान्दर्भिक सुझाव तथा सल्लाहहरूलाई समावेश गरी यो अन्तिम अध्ययन प्रतिवेदन तयार गरिएको हो ।

## १.६ अध्ययनको सीमा

गाउँपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समय तथा कोभिड-१९ को महाव्याधीका कारण स्थलगत भ्रमण असम्भव भएको परिवेशमा यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार लिइएको छ । यसका अतिरिक्त गाउँपालिकाका सम्बन्धित प्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको टेलिफोनमा भएको छलफल तथा विद्युतीय माध्यमबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

- गाउँपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएको फाराम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा आंशिक स्थलगत अध्ययनबाट संकलन गरिएको छ । तथ्यांक संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण कार्य भएको छैन ।

- गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरिक संन्तुष्टिमा हुने वृद्धि, मूल्यांकन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्यांकहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

# परिच्छेद- २ : गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा गाउँपालिकासँग सम्बन्धित आधारभूत जानकारी तथा यस गाउँपालिकाको आय परिचालनसँग प्रत्यक्ष अप्रत्यक्ष सम्बन्धित पक्षहरूलाई समेटिएको छ ।

## २.१ गाउँपालिकाको अवस्थिति

यो गाउँपालिका धादिङ जिल्लाको दक्षिण-पूर्वी सीमानामा त्रिशुली नदीको पश्चिम किनारमा अवस्थित छ । यस गाउँपालिकाको करिब-करिब बीच भागमा पूर्वबाट पश्चिमसम्म नेपालको सबैभन्दा धेरै चल्तीको र ठूलोमध्ये एक राजमार्ग त्रिभुवन राजपथ गएको छ । आठवटा वडामा वर्गीकृत यो गाउँपालिकाका वडा नं. १, २, ३ र ८ त्रिभुवन राजपथको उत्तरतर्फ रहेको छन् भने बाँकी वडाका अधिकांश हिस्सा यस राजपथको दक्षिणतर्फ रहेका छन् ।




त्रिभुवन राजपथ बाहेक मध्यपहाडी लोक मार्ग र गल्छीबाट रसुवा हुँदै चीन जोड्ने राजमार्ग पनि निर्माणाधीन छ । नेपाल सरकारले धादिङको गल्छी र बैरेनीलाई मध्य पहाडी लोकमार्गका प्रमुख १० शहरहरु मध्येको एक शहरको रुपमा छनोट गरेको छ । नेपाल सरकारको प्राथमिकता आयोजनामध्येको शहरी विकास योजना अन्तर्गतको प्रस्तावित शहर हुनुका साथै तीन वटा राष्ट्रिय/अन्तर्राष्ट्रिय राजमार्गको अन्तर्गत पर्ने बजार भएकाले यो गाउँपालिका जिल्लाको प्रमुख बजार र व्यापारिक केन्द्रको रुपमा उदय भइरहेको छ ।

भौगोलिक अवस्थिति हेर्दा यो गाउँपालिका ८४°५४'२७" पूर्वी देशान्तरदेखि देखि ८५°०५'५६" पूर्व देशान्तरसम्म र २७°४२'२२" देखि २७°५१'०७" उत्तरी अक्षांशसम्म फैलिएको छ । सापेक्षित रुपमा यो गाउँपालिका नुवाकोट जिल्लाको दक्षिण-पश्चिम र धादिङकै सिद्धलेक तथा गजुरी गाउँपालिकाको पूर्वमा तथा नीलकण्ठ नगरपालिकाको दक्षिण तथा थाक्रे गाउँपालिका र मकवानपुर जिल्लाको उत्तरमा अवस्थित छ । यो गाउँपालिका समुद्री सतहबाट ३८० मिटर उचाइदेखि २२०० मिटर सम्मको उचाईमा अवस्थित छ ।

गल्छी बजारबाहेक गाउँपालिकाको उत्तर-पश्चिमी भागमा साविक कल्लेरी गाविस रहेको क्षेत्रमा कल्लेरी बस्ती रहेको छ र यो पहाडको दक्षिणी ढाल (slope) मा

तालिका १: गाउँपालिका वडा र क्षेत्रफल

| वडा नं. | समाहित गाविस र वडा | क्षेत्रफल | |
|---|---|---|---|
| | | व.कि.मी. | प्रतिशत |
| १ | कल्लेरी (१-३) | ११.९ | ११.९ |
| २ | कल्लेरी (४-६) | १२.५ | १२.५ |
| ३ | कल्लेरी (७-९) | ९.० | ९.० |
| ४ | बैरेनी (१,७,३) | १४.४ | १४.४ |
| ५ | बैरेनी (२,४-६) | १८.३ | १८.३ |
| ६ | बैरेनी (९) | ६.३ | ६.३ |
| ७ | बैरेनी (८) | ७.९ | ७.९ |
| ८ | गोगनपानी (१-४,९) | १९.६ | १९.६ |
| | अन्य | ११९.०१ | १००.० |

*स्रोत: पार्श्वचित्र, गल्छी गाउँपालिका, २०७६*

अवस्थित छ । यस्तै गाउँपालिकाको उत्तर-पूर्वी भागमा समुद्र सतहबाट ११२० मिटरमाथि पर्वतको शीरमा गोगनपानी वस्ती रहेको छ । यो साविकको गोगनपानी गाविस रहेको क्षेत्र हो । यहाँको अर्को प्रमुख वस्ती बैरेनी हो, यो गाउँपालिकाको दक्षिणी भेगको मध्यभागमा समुन्द्र सतहबाट करिब ११५० मिटरमा अवस्थित छ । यो साविक बैरेनी गाविसको मुख्य वस्ती हो ।

## २.२ गाउँपालिकाको गठन तथा नामकरण

स्थानीय तह पुनर्संरचना आयोगले वि.सं. २०७३ मा पेश गरेको प्रतिवेदनको आधारमा धादिङ जिल्लाका साविकका कल्लेरी, बैरेनी र गोगनपानी गरी तीनवटा गाविसहरु समेटेर नेपाल सरकारले यो गाउँपालिका गठन गरेको हो । कुल ८ वटा वडामा वर्गीकृत यस गाउँपालिकाको कुल क्षेत्रफल ११९.०१ वर्ग कि.मी. रहेको छ । वडा नं. ८, ५ र ४ क्षेत्रफलका हिसाबले यहाँका सबैभन्दा ठूला वडाहरु हुन् जसको क्षेत्रफल क्रमशः १९.६, १८.३ र १४.४ वर्ग कि.मी. रहेको छ । क्षेत्रफलको हिसाबले यहाँका सबैभन्दा साना वडाहारुमा क्रमशः वडा ६, ७ र ३ हुन्, जसको क्षेत्रफल क्रमशः ६.३, ७.९ र ९.० वर्ग कि.मी. रहेको छ ।

गल्छीको नामकरण सम्बन्धमा कुनै ऐतिहासिक लिखित दस्तावेज उपलब्ध नभए पनि जनश्रुति अनुसार तत्कालीन प्रधानमन्त्री श्री ३ जंगबहादुर राणाले सेना परिचालन गरी महेश खोलाको वहाव परिवर्तन गरी त्रिशुलीमा मिसाउन सेना परिचालन गरी गल र छिनोको सहायताले कटान गरेर साविकको महेश खोला बगेको ठाउँमा बस्ती बसाएको र सोही कारणले यस ठाउँको नाम गल्छी रहन गएको हो । यही गल्छी खोलाको नामबाट यस गाउँपालिकाको नाम पनि गल्छि रहन गएको छ ।

## २.३ भौगोलिक ⁄ प्राकृतिक अवस्था

यो गाउँपालिका पूर्णरुपमा पहाडी भूभाग हो । यसको अधिकांश भाग त्रिशुली नदीको जलाधार क्षेत्रभित्र पर्दछ । त्रिशुली नदी बाहेक यस गाउँपालिका रहेका अन्य नदी ⁄ खोलाहरुमा कोशी खोला, खेस्ते खोला, बेल्खु खोला, गदोर्वा खोला, आदम खोला, कोल्पु खोला, चिरौदी खोला, अँधेरी खेला, डुम्री खोला रहेका छन् ।

वनजंगल, झाडी बुट्यान, घाँसे मैदान, चट्टान क्षेत्र तथा बालुवाले यहाँको कुल जमिनको आधी हिस्सा (५०.२६ प्रतिशत) ओगटेको छ ।

नदी तथा खोलाका फाँटहरुमा बढी ऊर्वर जमिन रहेको छ । अधिकांश भूमि भिरालो जमिनयुक्त भए पनि बढी भिरालो जमिनमा पनि खेती गर्ने प्रचलन रहेको हुँदा यहाँ कुल भूमिको झण्डै आधी हिस्सा (४७.७९) प्रतिशत जमिनमा खेती गर्ने गरिएको तथ्यांक छ ।

तालिका २: भू-उपयोग

| भूउपयोगको प्रकार | क्षेत्रफल (व.कि.मी.) | प्रतिशत |
|---|---|---|
| खेति गरिएको जमिन | ५६.८८ | ४७.७९ |
| वनजंगल | ५०.३ | ४२.२६ |
| झाडी बुट्यान | ३.८८ | ३.२६ |
| घाँस | ४.५३ | ३.८ |
| चट्टान क्षेत्र | ०.०४ | ०.०३ |
| आवासीय क्षेत्र | १.३८ | १.१६ |
| बालुवा | १.०८ | ०.९१ |
| जल क्षेत्र | ०.९३ | ०.७९ |
| **जम्मा** | ११९.०१ | १०० |

*स्रोतः पार्श्वचित्र, गल्छी गाउँपालिका, २०७६*

## २.४ जनसांख्यिक अवस्था


यस गाउँपालिकाको कुल ३०,०३२ जनसंख्या रहेको छ जसमध्ये महिलाको संख्या १४,६८६ (४८.९० प्रतिशत) र पुरुषको संख्या (१५,३४२ (५१.०९) प्रतिशत रहेको छ । जम्मा घरधुरी ५,८४८ रहेको यस गाउँपालिकामा परिवारको औसत आकार ५.१४ जनाको रहेको छ भने जनघनत्व २५२.७५ व.कि.मी. प्रति व.कि.मी रहेको छ ।

जातिगत जनसंख्याको संरचना हेर्दा सबैभन्दा ठूलो हिस्सा पहाडी जनजाति ⁄ आदिवासीको रहेको छ जसले कुल जनसंख्याको आधीभन्दा बढी हिस्सा (५०.१२ प्रतिशत) ओगेटेको छ । दोस्रो ठूलो समुदाय पहाडी समुदायका ब्राह्मण, क्षेत्री, ठकुरी, सन्यासीलगायत हुन्, यस समुदायले कुल जनसंख्याको ३५.१९ प्रतिशत हिस्सा ओगटेको छ । पहाडी

दलितको हिस्सा यस गाउँपालिकामा उल्लेख्य देखिन्छ । कुल जनसंख्याको १३.४८ प्रतिशत यस समुदायले ओगटेको छ । यहाँको जनसंख्याको बाँकी हिस्सा मधेसी, मुस्लिम र पहाडी तथा मधेसीमूलका अन्य समुदाय रहेका छन् ।

जनसंख्याको धार्मिक आस्था हेर्दा बहुसंख्यक (८०.७५ प्रतिशत) जनसंख्या हिन्दू धर्मावलम्बी रहेका छन् यसपश्चात् बौद्धमार्गी १६.६१ प्रतिशत रहेका भने बाँकी जनसंख्या मुस्लिम, क्रिश्चियन र अन्य धर्मावलम्बी छन् ।

## २.५ आर्थिक अवस्था




यस गाउँपालिकाको मुख्य बजार गल्छीमा मुख्य पेशा व्यापार व्यवसाय रहेको छ भने अन्य सबै क्षेत्रको मुख्य पेशा कृषि तथा पशुपालन रहिआएको छ । अर्थोपार्जन गर्ने मुख्य पेशाहरुमा कृषि तथा पशुपालन, नोकरी, उद्योग तथा व्यापार, ज्याला मजदुरी र वैदेशिक रोजगारी मुख्य छन् । कुल जनसंख्यामध्ये कृषि तथा पशुपालनमा संलग्न जनसंख्याको हिस्सा ३० प्रतिशत रहेको छ भने नोकरी गर्ने जनसंख्याको हिस्सा ८ प्रतिशत रहेको छ । उद्योग तथा व्यापारमा ३ प्रतिशत मात्र जनसंख्या र ज्यालामजदुरीमा ५ प्रतिशत जनसंख्या संलग्न रहेको देखिन्छ । यसरी हेर्दा प्रत्यक्षरुपमा आर्थिक क्रियाकलापमा सक्रिय जनसंख्याको हिस्सा ४९.७ प्रतिशत रहेको छ । पशुपालनको तथ्यांक हेर्दा गाउँपालिकाको पार्श्वचित्र अनुसार उन्नत तथा परम्परागत बाखा/खसी/बोका २,५०० वटा, सुँगुर/बँगुरका परम्परागत तथा उन्नत गरी १,७०० वटा पालेको तथ्यांक छ ।

कृषि र पशुपालन बाहेक यहाँको अर्को मुख्य आयस्रोत वैदेशिक रोजगारी हो । उपलब्ध तथ्यांकअनुसार कुल ८८५ जना वैदेशिक रोजगारीमा गएको देखिन्छ जसमध्ये पुरुष ८१.६९ प्रतिशत र महिला १८.३१ प्रतिशत रहेको देखिन्छ । सोही तथ्यांकअनुसार विदेशिएका उक्त ८८५ जनामध्ये ६१३ जना अर्थात् ६९ प्रतिशत जनसंख्या रोजगारीका सिलसिलामा गएको देखिन्छ, यसले गाउँपालिकामा रोजगारीका अवसरहरु कम भएको संकेत गर्दछ ।

वार्षिक आम्दानीका आधारमा परिवार संख्याको अध्ययन गर्दा करिब ४० प्रतिशत परिवारको वार्षिक औसत आय रु. एक लाखभन्दा कम र ८७ प्रतिशत परिवारको वार्षिक औसत आम्दानी पाँच लाखभन्दा कम देखिन्छ । यससम्बन्धी तथ्यांकलाई स्तम्भचित्रमार्फत् यससँगै प्रस्तुत गरिएको छ ।

घरको प्रकार समुदायको आर्थिक स्थिति प्रदर्शन गर्ने एक महत्वपूर्ण माध्यमका रुपमा रहेको छ, अधिकांश (करिब ७९ प्रतिशत) घरधुरीको जस्ताको छाना र करिब ११ प्रतिशत घरधुरीको घरको छानो आरसीसी ढलानयुक्त रहेको छ । अन्य घरधुरीका घरको छाना टायल वा ढुंगा र फुसको रहेको छ ।

आर्थिक क्रियाशीलतको पूर्वशर्तका रुपमा यातायात पूर्वाधार र सेवा रहन्छ । यस गाउँपालिकाको हकमा पक्की सडक १६ किमी र धुले सडक ४५ कि.मी. रहेको छ । गाउँपालिकाको पार्श्वचित्रअनुसार वडाहरुहरुबाट गाउँपालिका केन्द्रसम्म आइपुग्न २-३ घण्टासम्म समय लाग्ने लाग्दछ । गाउँपालिका क्षेत्रभित्र रुट अनुमति लिएर सञ्चालन भएका सवारी साधनमा बैरेनी, गल्छीबाट केरुङ स्वरुपबेसीसम्म दैनिक २० वटा सवारी साधन सञ्चालन हुने गरेको छ । यसबाट गाउँपालिकामा रुट अनुमति लिएर यातायात सञ्चालन हुने रुट एकवटा मात्र रहेको देखिन्छ ।

## २.६ व्यवसायिक संस्था तथा व्यापारिक केन्द्र

गाउँको आर्थिक विकास तथा गाउँपालिकाका लागि व्यवसाय शुल्कका दृष्टिकोणले यस्ता व्यवसायिक संस्थाहरु तथा व्यापारिक केन्द्रहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय जानकार व्यक्तिहरुसँग गरिएको परामर्शका आधारमा यस गाउँपालिकामा रहेका प्रमुख व्यापारिक केन्द्रको संक्षिप्त विवरण देहायअनुसार रहेको छ :

तालिका ३: गाउँपालिकाको मुख्य व्यापारिक केन्द्रहरूको विवरण

| क्र.सं. | व्यापारिक केन्द्रहरुका नाम | व्यवसायी संख्या | | |
|---|---|---|---|---|
| | | मासिक १ लाखभन्दा कम कारोबार हुने | मासिक ५ लाखभन्दा कम कारोबार हुने | मासिक ५ लाखभन्दा बढी कारोबार हुने |
| १ | गल्छी बजार | ७५ | २० | १५ |
| २ | बैरेनी बजार | २५ | १२ | ३ |
| ३ | मासटार बजार | २० | १० | ४ |
| ४ | भल्टार बजार | २५ | ५ | ० |
| ५ | बेल्खु बजार | २० | ५ | ० |
| ६ | मछेडी बजार | २५ | ९ | ० |
| ७ | बरहाते बजार | २० | ४ | ० |
| ८ | महेश दोभान | २५ | ३ | ० |

## २.७ ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक महत्वका स्थल एवम् पर्यटकीय सम्भावना

यस गाउँपालिकामा यहाँका प्रसिद्ध धार्मिक, ऐतिहासिक, साँस्कृतिक, प्राकृतिक स्थल तथा सो अन्तर्गतका उद्यान, पिकनिक स्थलहरु, गाउँको सुन्दर हरियाली एवं प्राकृतिक मनोरम छटायुक्त स्थलहरु यहाँका मुख्य पर्यटकीय क्षेत्रहरु हुन् । यहाँ रहेका मुख्य सम्भाव्य पर्यटकीय स्थलहरु देहायअनुसार छन् :

तालिका ४: पर्यटकीय स्थलहरूको विवरण

| क्र.सं. | पर्यटकीय स्थलहरुको नाम | वडा नं. | स्थलको महत्व | दैनिक औसत पर्यटक संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | अमलेश्वर धार्मिक पर्यटकीय क्षेत्र | ६ | ज्यापिटङ्ग गर्ने | ४० देखि ५० | |
| २. | छाङ्गेश्वर धार्मिक पर्यटकिय क्षेत्र | ८ | ज्यापिटङ्ग गर्ने | ३० देखि ४० | |
| ३. | गुप्तेश्वर महादेव मन्दिर | ३ | हिमाल दृष्य अवलोकनको लागि | २५ देखि ५० | |
| ४. | पाउदर-धर्मद्वार गुफा | १ र २ | अवलोकनको लागि | ४० देखि ५० | |
| ५. | गुप्तेश्वर गुफा | - | प्रख्यात चमेरे गुफा अवलोकन | ५० देखि १०० | |
| ६. | गोगनपानी रानीमाला | ८ | - | ३० देखि ५० | |
| ७. | चकमके होमस्टे | ८ | खान बस्नका लागि | ३५ देखि ४५ | |
| ८. | होमस्टे पिपले | ८ | खान बस्नका लागि | १० देखि २० | |
| ९. | होमस्टे भीरपानी | ८ | खान बस्नका लागि | २० देखि १० | |
| १०. | बाघ बच्छला चुली | ८ | खान बस्नका लागि | १५ देखि २० | |
| ११. | छाप | ८ | खान बस्नका लागि | १० देखि १५ | |
| १२ | रणकालिका मन्दिर | ४ | धार्मिक महत्व | | |
| १३ | भूमेचुली मन्दिर | ५ | धार्मिक महत्व | | |
| १४ | बेल्खु इन्द्रायणी मन्दिर | ४ | धार्मिक महत्व | | |
| १५ | रानीमाला | | | | |

*स्रोत: पार्श्वचित्र, गल्छी गाउँपालिका, २०७६*

गाउँपालिकामा लाग्ने विभिन्न जात्रा तथा मेलाहरुको समुचित व्यवस्थापन गाउँपालिकाको जिम्मेवारी हुनुका साथै यसबाट गाउँपालिकाले राजस्व संकलन समेत गर्न सक्ने व्यवस्था रहेको छ । यस परिवेशमा दशैंमा लाग्ने नौरथा

जात्रा/दशैं मेला, कृष्णाष्टमीमा लाग्ने कृष्णजात्रा, हरिबोधिनी एकादशीमा लाग्ने एकादशी मेला, महाशिवरात्रीमा लाग्ने शिवरात्री मेला मुख्य छन् ।

## २.८ मानवीय स्रोत

गाउँपालिकामा एक जना गाउँपालिका अध्यक्ष, एक जना उपाध्यक्ष, आठजना वडाध्यक्ष तथा सदस्यहरु सहित कुल ४३ जनाको गाउँ कार्यपालिका रहेको छ। यस्तै गाउँ कार्यपालिकामा कार्यालय प्रमुखको रुपमा एकजना प्रमुख प्रशासकीय अधिकृत, आठजना अधिकृतस्तरका कर्मचारी, एकजना इञ्जिनियरसहित कुल ३४ जना कर्मचारी कार्यरत रहेका छन् । यस सम्बन्धी विवरण (२०७७ जेठ ५ गते प्राप्त विवरण अनुशार) तालिका ५ मा दिइएको छ :

**तालिका ५: गल्छी गाउँ कार्यपालिकामा कार्यरत कर्मचारीहरुको पद/तह अनुसारको संख्या**

| क्र.सं. | पद/तह | संख्या |
|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ |
| २ | अधिकृत | ८ |
| ३ | इञ्जिनियर | १ |
| ४ | लेखापाल | १ |
| ५ | सि.अ.हे.ब. (छैठौं) | १ |
| ६ | सहायकस्तर पाँचौं | ३ |
| ७ | ना.प.स्वा.प्रा. (कृषि तथा पशु सेवा) | २ |
| ८ | कम्प्युटर अपरेटर | २ |
| ९ | रोजगार संयोजक | १ |
| १० | सहायक महिला विकास निरीक्षक | १ |
| ११ | सब इञ्जिनियर | २ |
| १२ | सहायकस्तर चौथो | १ |
| १३ | सामाजिक परिचालक | ३ |
| १४ | नापी सर्भेक्षक | १ |
| १५ | कानुनी सहजकर्ता | १ |
| १६ | का.स. | ३ |
| १७ | हेभी सवारी चालक | १ |
| १८ | हलुका सवारी चालक | २ |
| १९ | कार्यालय सहायक | १ |
| | कुल | ३७ |

## २.९ भौतिक स्रोत

गाउँ कार्यपालिकाको कार्यालय भाडाको घरमा सञ्चालन भइरहेको छ र आफ्नो स्वामित्वको जग्गा रहेको छैन । गाउँपालिकाका साविकका गाविसहरु रहेका वडा नं. ६, २ र ८ को आफ्नै कार्यालय भवन रहेको छ भने वडा नं. ३ र ५ को भवन निर्माणका लागि प्रक्रिया सुरु भएको छ। वडा नं. ६, २ र ८ मा स्वास्थ्य कार्यालयका भवनहरु पनि रहेका छन् ।

कार्यालय सञ्चालनका लागि कुर्सी, टेबल, दराज, कम्प्युटर, प्रिन्टर, सोफासेटलगायतका कार्यालय सामानहरु रहेका छन् । सवारी साधनअन्तर्गत गाउँपालिकासँग मोटरसाइकल १७ वटा, स्कर्पियो गाडी १, पिक अप भ्यान १ तथा जीप १ वटा र एक वटा एक्साभेटर रहेको छ ।

# परिच्छेद- ३ : राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ। यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ :

- सम्पत्ति कर
- भूमीकर (मालपोत)
- घर बहाल कर
- सवारी साधन कर
- व्यवसाय कर
- मनोरञ्जन कर
- सेवा शुल्क दस्तुर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- पर्यटन शुल्क
- विज्ञापन कर
- दण्ड जरिवाना

संघीय कानुन (**स्थानीय सरकार संचालन ऐन, २०७४**) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा गाउँपालिकाको एकल अधिकारः**

**अ) कर**

- सम्पत्ति करः आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने। "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने। *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- भूमि कर (मालपोत): आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने। तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने। *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- घर जग्गा बहाल करः कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा।
- व्यवसाय करः पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा।
- सवारी करः टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा।
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत।

**आ) शुल्क**

- बहाल बिटौरी शुल्क: आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- पार्किङ् शुल्क: आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- आफूले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा*(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि)*
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर:
  - *एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग*
  - *ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग*
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**उ) बिक्री गर्न सक्ने *(केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)***

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।

- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

*नोट : केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६।०६।०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा देहायअनुसार व्यवस्था गरिएको छ :*

**(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी

- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (**अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाँउपालिका वा गाउँपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाँउपालिका वा गाउँपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाँउपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाँउपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाँउपालिका वा गाउँपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- *प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँट गरिने*
- *आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई वाँडफाँट गर्ने*
- *प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने*

**(ख) राजस्व बाँडफाँट**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - *आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने*
  - *स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने*
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - *प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने*

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदान: खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिशमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदान: कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदान: पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदान: कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय तहले कानून बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शिर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शिर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

**तालिका ६: गाउँपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| **क.** | **करतर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | छ | छ |
| २ | सम्पत्ति कर | छ | एकीकृत सम्पत्ति करको रुपमा | छ |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | न्यून छ | छैन | छैन |
| ४ | घर जग्गा बहाल कर | छ | छ | छ |
| ५ | व्यवसाय कर | छ | छ | छ |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | छ | छैन |
| ७ | विज्ञापन कर | छ | छ | छ |
| **ख.** | **गैरकरतर्फ** | | | |

| क.सं. | आयका शिर्षक | सम्भावना | दर निर्धारण | संकलन |
|---|---|---|---|---|
| १ | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको विक्री | छ | छ | छ |
| २ | काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री | छैन | | |
| ३ | नक्सापास दस्तुर | छ | छ | छ |
| ४ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | छ | छ |
| ५ | बहाल विटौरी शुल्क | छ | छ | छ |
| ६ | पार्किङ्ग शुल्क | छ | छैन | छैन |
| ७ | सरकारी सम्पत्तिको बहालबाट आय | छ | छैन | छ |
| ८ | अस्पताल संचालन | तत्कालमा सम्भावना नभएको | | |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | छैन | छैन |
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | तत्कालमा सम्भावना नभएको | छैन | छैन |
| ११ | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क | छ | छ | छैन |
| १२ | मूल्यांकन सेवा शुल्क | छ | छ | छ |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म) | छ | छ | छ |
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | छैन | छैन |
| १५ | वडामार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | छ |
| १६ | दण्ड जरिवाना | छ | छ | छ |

उल्लिखितमध्ये करका शीर्षकतर्फ स्थानीय तहका करका सातवटै शीर्षकमा आय संकलनको सम्भावना रहेको छ, भने दर निर्धारणतर्फ सम्पत्ति करका स्थानमा एकीकृत सम्पत्ति करको दर निर्धारण गरिएको छ। संकलनतर्फ साना सवारी र जडीबुटी, कवाडी र जीवजन्तु करबाहेक पाँचवटा शीर्षमा कर संकलन भइरहेको छ।

गैरकरतर्फ सबै १८ वटै शीर्षकमा कर संकलनको संभावना देखिन्छ र दर निर्धारण १० वटा शीर्षकमा भएको छ। गाउँपालिकाले अस्पताल सञ्चालनको सुरुआत गरेको तर दर निर्धारण गरिनसकेको, सम्पत्तिको बहालबाट केही रकम आम्दानी भइरहेको भए पनि आर्थिक ऐनमा दर तोक्नुपर्नेमा कार्यपालिकास्तरको निर्णय मात्र भएको अवस्था छ। यस्तै, संकलनतर्फ ९ वटा शीर्षकमा रकम संलकन भइरहेको छ। पार्किङ, फोहोर मैला, खानेपानी जस्ता क्षेत्रमा गाउँपालिकाको सेवा सुविधा प्रदान गरी शुल्क लिन सक्ने भए पनि सो हुन नसकेका कारण संकलन पनि भएको छैन।

## ३.३ आन्तरिक स्रोततर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### *३.३.१ कर राजस्व*

**क. सम्पत्ति कर**

**हालको अवस्था:**

गल्छी गाउँपालिकाद्वारा मिति २०७६।०३।३० मा प्रकाशित गल्छी गाउँपालिकाको आर्थिक ऐन २०७६ को दफा २ मा "गाउँपालिका क्षेत्रभित्र अनुसूचि १ बमोजिम एकीकृत सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ" भन्ने उल्लेख गरिएको छ । तर संघीय सरकारले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ भन्ने व्यवस्था गरेको छ । साथै यस व्यवस्थाको कार्यान्वयनलाई थप व्यवस्थित गर्नका लागि गाउँपालिकाले "एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५" पनि तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यस कार्यविधिको दफा ४ ले "एकीकृत सम्पत्ति मूल्याङ्कन प्रकृया: (१) दफा ३ बमोजिम कर लगाउने प्रयोजनको लागि गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गालाई आवश्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको एकीकृत सम्पत्तिको विवरणको लगत कायम गरी अनुसूची-२ को ढाँचामा तयार गर्नु पर्नेछ" भन्ने उल्लेख गरेको छ ।

सम्पत्ति कर संकलनका लागि गाउँपालिकामा सफ्टवेयर जडान गरिएको छ र गाउँ कार्यपालिकाको कार्यालयबाट मात्र सम्पत्ति कर संकलन गर्ने गरिएको छ, वडा कार्यालयहरुबाट यो कर संकलन गर्ने गरिएको छैन । सम्पत्ति करदाताहरुको छुट्टै तथ्यांक संकलन गरिएको छैन, स्वघोषणाबाट सबै करदाताहरु कर तिर्न आइसकेको अवस्था छैन । यसर्थ, हाल गाउँपालिकामा सम्पूर्ण सम्पत्ति करदाताको यकीन संख्या उपलब्ध छैन ।

स्थानीय सरकार सञ्चालन ऐनले सम्पत्ति करको लागि अख्तियारी दिएकोमा गाउँपालिकाले एकीकृत सम्पत्ति कर लगाई सोही अनुसार एकीकृत सम्पत्ति कर संकलन गरिरहेको छ । २०७७ जेष्ठ मसान्तसम्मको तथ्यांकअनुसार एकीकृत सम्पत्ति कर शीर्षकमा कुल रु. १३,०५,४२१ संकलन गरेको छ । अघिल्लो आ.व.को यस शीर्षकको आम्दानी रु. १६,०१,९६९ रहेको थियो ।

**सम्भाव्यता:** सम्पत्ति कर शीर्षकको आयको सम्भाव्यता अनुमानका लागि सम्पत्ति कर व्यवस्थापन कार्यविधिले तोकेको ढाँचामा सबै धुरीको सम्पत्ति विवरण संकलन गरी आय प्रक्षेपण गर्नुपर्ने हुन्छ, तर सो अनुसार गाउँपालिकाका सम्पत्तिकरयोग्य सबै घरधुरीको तथ्यांक उपलब्ध नभएकाले गाउँपालिकाको कुल घरधुरी संख्यालाई आधार मानी निम्नअनुसार सम्पत्ति करको सम्भाव्यता आँकलन गरिएको छ । गाउँपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधिले गाउँपालिकाका घरधुरीलाई विभिन्न आठ प्रकारमा वर्गीकरण गरेको छ र गत वर्ष गाउँपालिकाले प्रकाशन गरेको पार्श्वचित्रले घरधुरीलाई तीन प्रकारमा वर्गीकरण गरेको छ । कार्यविधिको वर्गीकरणसमेतलाई मध्यनजर गरी गाउँपालिकाबाट हालसालै प्रकाशित वस्तुस्थिति विवरणअनुसारका कुल घरधुरी संख्या ५८४८ लाई आधार मानी यहाँ सम्पत्ति करदाता संख्या यकीन गरिएको छ ।

> .**<u>सम्पत्ति कर:</u>** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाउनेछ।
>
> (२) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा दफा ५६ बमोजिम भूमिकर (मालपोत) लगाउनु पर्नेछ।
>
> **स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम् सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनु पर्छ।

विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल ५८४८ घरधुरीका आधारमा करिब ६००० अनुमानीत घरहरुलाई सम्पत्ति करदाता संख्या कायम गरिएको छ । गाउँपालिकाको पार्श्वचित्र, २०७६ ले गाउँपालिकाभित्र रहेका घरधुरीलाई घरको छानाको आधारमा वर्गीकरण गरेको छ, सोही तथ्यांकका आधारमा यहाँका घरधुरीलाई वर्गीकरण गरी करको औसत दरसमेत निम्नअनुसार आँकलन गरिएको छ :

तालिका ७: सम्पत्ति कर सम्भाव्यता अनुमान

| प्रकार | करदाता (घर) संख्या | करको औसत दर (प्रति घर) | सम्भाव्य आय |
|---|---|---|---|
| आर.सि.सि. फेम स्टक्चर | २५० | २,५०० | ६२५,००० |
| सिमेन्ट जोडाइ इट्टा वा ढुंगाको गारो र आर सि.सि छाना भएका घरहरु: | ३०० | १,००० | ३००,००० |
| मटोको जोडाइ इट्टा वा ढुंगाको गारो आर.सि.सि.छाना भएका घर | १०० | ७५० | ७५,००० |
| सिमेन्ट जोडाइ इट्टा, ढुगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु: | ४०० | ५०० | २००,००० |
| मटो वा सिमेन्टको जोडाइ इट्टा र ढुगा वा ब्लकको गारो जस्ता छाना भएका घर: | ४,५०० | ४०० | १,८००,००० |
| काठको तथा अन्य कच्चि घर | ३०० | २०० | ६०,००० |
| प्रिफ्याब बाट बनेको घर तथा संरचना | १५० | १,००० | १५०,००० |
| **जम्मा** | **६,०००** | | **३,२१०,०००** |

**सुधारका पक्षहरू:** सम्पत्ति कर कार्यान्वयनका लागि गाउँपालिकाले गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छ :

- सम्पत्ति कर व्यवस्थापन कार्यविधिअनुसार सबै घरधुरीहरुको सम्पत्ति विवरण संकलन गरी नियमित अद्यावधिक गर्ने
- आर्थिक ऐनमा सम्पत्ति कर लगाउने प्रावधान सहित करको दर (प्रततिशील) निर्धारण गरि समावेश गर्ने ।
- सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम संचालन गर्ने ।
- सम्पत्ति कर सम्बन्धी आमजनताहरूलाई विभिन्न माध्यमबाट सूचित गर्ने ।
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी सबै वडामा लेखा सफटवेयर जडान गरी गाउँपालिका कार्यालयसँग नेटवर्किङ गर्ने ।

### ख मालपोत वा भूमि कर

**हालको अवस्था:** गाउँपालिकाको चालू आर्थिक ऐनले छुट्टै मालपोत/भूमि करको व्यवस्था नगरी एकीकृत सम्पत्ति र घर जग्गा कर शीर्षकभित्र "…. घर जग्गा कर लगाइने र असुल उपर गरिनेछ" भन्ने व्यवस्था गरेको छ । यस प्रावधानअन्तर्गतको व्यवस्था अनुसूची १ को "क" मा उल्लेख गर्दै मालपोत कार्यालय धादिङले रजिष्ट्रेशन पास निमित्त गाउँक्षेत्रमा निर्धारण गरेको न्यूनतम मूल्यांकन (दर रेट) र चलन चल्तीको स्वघोषणा (मालपोतले गरेकोभन्दा कम नहुने गरी) मूल्यांकनमध्ये जुन बढी हुन्छ, सो सोलाई आधार मानिने भन्ने उल्लेख गरिएको छ । गाउँपालिकामा रहेको कुल मालपोत/भूमिकरयोग्य भूमिको तथ्यांक यकीन गर्ने कार्य पूरा भइसकेको छैन । २०७७ जेठ मसान्तसम्म कुल रु. ३०,१५५ संकलन भएको छ । अघिल्लो वर्ष यस शीर्षकमा कुल रु. ८६,७६४ संकलन भएको थियो ।

**संभाव्यता:**

गाउँपालिकामा भूमिको वर्गीकरण नभएको र भूमीकर लगाउनयोग्य जग्गा तथा सोको करदाता सम्बन्धी तथ्यांक यस यकीन गर्न घरधुरी संख्यालाई नै आधार मानिएको छ । धादिङ जिल्लाका विभिन्न स्थानीय तहलगायत देशका विभिन्न भागको अनुभव अनुसार एक घरधुरीमा एकभन्दा बढी परिवार सदस्यसँग भूमिकरयोग्य जग्गा रहने हुँदा

यहाँको कुल घरधुरी ५८४८ को कम्तिमा पाँच प्रतिशत घरधुरीमा एकभन्दा बढी व्यक्तिसँग आफ्नो नाममा जग्गा रहेको अनुमान गरी यस अध्ययनका लागि कुल मालपोत करदाता करिब १५००० हुने अनुमान गरिएको छ। गाउँपालिकामा मालपोत करदाताको संख्या निम्नअनुसार अनुमान गरी मालपोत करदाता संख्या तथा संभाव्य मालपोतको आकार गणना गरिएको छ :

**तालिका ८: सम्भाव्य मालपोत करदाता तथा मालपोत**

| करदाता सम्बन्धी विवरण | अनुमानित संख्या | प्रस्तावित औसत करको दर | | संम्भाव्य संकलन |
|---|---|---|---|---|
| | | प्रति रोपनी | प्रति करदाता | |
| औसत २ रोपनी जग्गा हुने करदाता (कुल करदाताको २५ प्रतिशत) | ३७५० | २५ | ५० | १८७५०० |
| ५ रोपनीभन्दा अधिक जग्गा हुने करदाता (कुल करदाताको ५० प्रतिशत) | ७५०० | ३५ | १५० | ११२५००० |
| १० रोपनीभन्दा अधिक जग्गा हुने करदाता (कुल करदाताको २५ प्रतिशत) | ३७५० | ५० | ४०० | १५००००० |
| **जम्मा** | **१५०००** | | | २८१२५०० |

**सुधारका पक्षहरूः** यस सम्बन्धमा सुधारका पक्षहरू देहायअनुसार छन् :

- मालपोत कार्यालयसँग समन्वय तथा मालपोत तिर्ने अभियान सञ्चालन गरी मालपोत करदाताको संख्या यकीन गरी वार्षिक रुपमा तथ्यांक अद्यावधिक गर्ने
- आवश्यक उपकरण तथा पूर्वाधार तयार गरी सबै वडामा कम्प्युटरमा आधारित बिलिङ प्रणाली लागू गर्ने तथा वडा तथा गाउँपालिका केन्द्रबीच कम्प्युटर नेटवर्किङ गरी वडाबाट राजस्व संकलन भएअनुसार गाउँपालिका केन्द्रमा स्वतः तथ्यांक अद्यावधिक हुँदै जाने व्यवस्था गर्ने ।
- मालपोतको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

### ग. घरजग्गा बहाल कर

**हालको अवस्थाः**

गाउँपालिकाको चालू आर्थिक ऐनले "गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ" भने गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना, जग्गा आदि वहालमा दिएकोमा सम्बन्धित धनीबाट १० प्रतिशत र गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्ग फिट रु. २ देखि २० सम्म मासिक बहाल बिटौरी लिने व्यवस्था गरेको छ ।

यस शीर्षकमा गाउँपालिकाले गत आ.व. २०७५।७६ मा कुल रु. चार लाख ८४ हजार ८८२.८९ संकलन गरेको थियो भने चालू आ.व. २०७६।७७ को जेठ मसान्तसम्म कुल रु. ६,७८,०६३.२१ संकलन भएको छ ।

**संभाव्यता:**

स्थानीय स्तरका केही जानकार व्यक्तिहरुसँग गरिएको छलफल अनुसार यस गाउँपालिकामा व्यवसायिक, औद्योगिक तथा व्यक्तिगत प्रयोजनले घर बहालमा बस्ने व्यक्तिहरुको कुल संख्या ४५५ रहेको छ । घरजग्गा बहाल कर संकलनको सम्भावना विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९: सम्भाव्य घरजग्गा बहाल कर**

| क्र. सं. | संभाव्य घरबहाल करदाता | बहालमा बस्ने संख्या | मासिक औसत घर भाडा रकम | वार्षिक औसत भाडा रकम | संभाव्य घरबहाल कर |
|---|---|---|---|---|---|
| १ | बैंक | ८ | १२,००० | १,१५२,००० | ११५,२०० |
| २ | सहकारी | २५ | २,००० | ६००,००० | ६०,००० |
| ३ | निजी विद्यालय | २ | ५,००० | १२०,००० | १२,००० |
| ४ | होटल तथा रेष्टुरेन्ट | २० | ५,००० | १,२००,००० | १२०,००० |
| ५ | निजी अस्पताल | २ | १०,००० | २४०,००० | २४,००० |
| ६ | खुद्रा, थोक वा अन्य पसल | १०० | २,००० | २,४००,००० | २४०,००० |
| ७ | सरकारी तथा गैरसरकारी अन्य संघ संस्थाहरु | १० | ५,००० | ६००,००० | ६०,००० |
| ८ | उद्योग व्यवसायहरू | २५ | ५,००० | १,५००,००० | १५०,००० |
| ९ | घरयसी प्रयोजनमा बस्नेहरू* | २५० | २,००० | ६,०००,००० | ३००,००० |
| **जम्मा** | | | | | १,०८१,२०० |

**घरायसी प्रयोजनका लागि घरभाडामा दिनेहरुसँग ५ प्रतिशतका दरले र अन्यसँग १० प्रतिशतका दरले घरभाडा प्रस्ताव गरी सोहीअनुसार गणना गरिएको ।*

**सुधारका पक्षहरू:** घर बहाल करमा सुधारका लागि निम्नअनुसार सुझाव प्रस्तुत गरिएको छः

- घरबहालमा दिनेहरुको तथ्यांक संकलन गर्ने
- घरायसी प्रयोजनका लागि घरभाडामा दिनेहरुसँग ५ प्रतिशतका दरले र अन्यसँग १० प्रतिशतका दरले घरभाडा घर कायम गर्ने
- घर बहाल करलाई गाउँपालिकाको अन्य सेवा सुविधासँग आवद्ध गरी घरबहाल कर असुली सुनिश्चित गर्ने ।

### घ. व्यवसाय कर

**हालको अवस्था:** गाउँपालिकाको आर्थिक ऐनले गाउँपालिकाको शहरी क्षेत्रमा सञ्चालित उद्योग, व्यवसाय, कलकारखाना, खानी लगायतको सञ्चालनले बजार क्षेत्र अव्यवस्थित भएकोले नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित कार्य गर्ने प्रयोजनका लागि र गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय तथा अन्य व्यवसाय कर लगाइने र असूल उपर गरिने उल्लेख गरेको छ । यस ऐनले कुल १३ शीर्षकमा १५० प्रकारका व्यवसायका करहरुको दर निर्धारण गरेको छ । गाउँपालिकाले गत आ.व. २०७५।७६ मा कुल व्यवसाय कर रु आठ लाख ३५ हजार ३०० संकलन गरेको थियो भने चालु आ.व.को जेष्ठ मसान्तसम्म कुल रु. चार लाख ४२ हजार ९०० संकलन भएको छ ।

**संभावना:**

केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसार यस गाउँपालिकामा कुल ९२२ वटा उद्योग व्यवसायहरु रहेका छन् । स्थानीय जानकार व्यक्तिहरुसँग गरिएको छलफल तथा उक्त तथ्यांक समेतलाई आधार मानी यस गाउँपालिकाको व्यापार व्यवसायको संख्या निम्नअनुसार यकीन गरी विद्यमान आर्थिक ऐनमा तोकिएको दर समेतलाई मध्यनजर गरी करको औसत दरका आधारमा निम्नानुसार व्यवसाय करको सम्भाव्यता अनुमान गरिएको छ :

**तालिका १०: व्यवसाय कर सम्भाव्यता अनुमान**

| क्र.सं. | व्यापार व्यवसायको विवरण | अनुमानीत संख्या | करको औसत दर | संभावित आय |
|---|---|---|---|---|
| १ | ठुला उद्योग | १ | ५०००० | ५०००० |
| २ | मध्यम उद्योग | २५ | २०००० | ५००००० |
| ३ | अन्य साना उद्योग | ७५ | २५०० | १८७५०० |
| ४ | बैंक | ८ | १०००० | ८०००० |
| ५ | अन्य वित्तीय संस्थाहरु (विमा कम्पनी, मनी ट्रान्सफर आदी) | ५ | ५००० | २५००० |
| ६ | सहकारी | २३ | १५०० | ३४५०० |
| ७ | निजी विद्यालय | २ | ५००० | १०००० |
| ८ | होटल तथा रेष्टुरेन्ट | ३० | २५०० | ७५००० |
| ९ | निजी अस्पताल | २ | ५००० | १०००० |
| १० | थोक तथा ठुला व्यवसायहरु | २०० | ३००० | ६००००० |
| ११ | खुद्रा तथा अन्य व्यवसायहरू | ७५० | १२०० | ९००००० |
| | **कुल** | **११२१** | | **२४७२०००** |

**सुधारका पक्षहरू:** गाउँपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- दर्ता शुल्क न्यून राखी सबै व्यवसायलाई गाउँपालिकाको अभिलेखमा ल्याउने ।
- गाउँपालिकामा सञ्चालनमा नरहेका र तत्काल सञ्चालनको सम्भावना नभएका पाँचतारे होटलजस्ता व्यवसायहरुको करको दर ऐनमा उल्लेख गरिरहनु नपर्ने ।
- सबै व्यवसायीलाई व्यवसाय दर्ताको आह्वान गर्ने तथा तथा सुरुमा न्यून दर कायम गर्ने
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने ।
- संकलित करको आकारभन्दा संभाव्य करको आकार उल्लेख्य रुपमा ठूलो देखिन्छ, यसर्थ, सबै व्यवसायीको तथ्यांक संकलन गर्ने तथा करको दायरामा ल्याउने कार्यलाई प्राथमिकताका साथ गर्ने

### ङ. जडीवुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्था:**

जडीवुटी, कवाडी, जीवजन्तु करका दृष्टिकोणले यो गाउँपालिकामा सामान्य सम्भावना रहेको छ। आर्थिक ऐनले गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत कर लगाइने र असूल उपर गरिने व्यवस्था गरेको छ। गाउँपालिकाको शीर्षकगत आवधिक आय संकलन विवरणमा यो कर संकलन भएको देखिँदैन ।

**संभावना :**

गाउँपालिकामा जडीवुटी उत्पादन तथा बिक्री, कवाडी उत्पादन तथा बिक्री तथा मरेका जीवजन्तुका हाड खोर, सिङ, छाला आदिको उत्पादन तथा बिक्रीसम्बन्धी यकीन तथ्यांक उपलब्ध नभएकाले यस शीर्षकमा जम्मा रु. १ लाख संकलन हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः** यस कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- व्यवसायीहरूको दर्ता/अभिलेखीकरण गर्ने ।
- कवाडी वस्तुहरूको व्यवसायिक रुपमा संकलन तथा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।
- छुट्टै शीर्षकमा देखिने गरी यस शीर्षकको आम्दानी बाँध्ने ।
- सम्भाव्य कवाडी मालसामानको परिमाण एकीन गरी करको दर आर्थिक ऐनमा समावेश गर्ने तथा उत्पादन हुने परिमाणको सम्भाव्यता हेरी कवाडी कर असूलीका लागि ठेक्का बन्दोबस्त गर्ने वा स्थलगत रुपमा कर्मचारी खटाई असूल उपर गर्ने व्यवस्था मिलाउने
- कवाडी व्यवसाय सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्धारण गरी सम्भाव्य वातावरणीय प्रदूषण नियन्त्रण गर्ने
- जडिबुटीको व्यवसायिक खेतीको प्रवर्द्धन गर्ने ।

## च. विज्ञापन कर

**हालको अवस्थाः** विद्यमान कानुनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । संघीय कानुन अनुसार यो प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन गाउँपालिकाले गरी संकलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ ।

**सम्भावनाः**

गाउँपालिकामा राष्ट्रिय राजमार्ग तथा धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु रहेका हुँदा विज्ञापन करको सम्भावना रहेको छ । यस सम्बन्धि थप तथ्यांक तथा जानाकारी नभएकाले आगामी आ.व.मा करिब रु. ५००,०००।- संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक संकलन गर्ने ।
- संकलित विवरण अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- न्यूनतम संकलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने ।
- सम्भाव्य स्थानहरूमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने ।

### *३.३.२ गैरकर राजस्व*

**क) बिक्रीबाट प्राप्त रकम** ***(ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)***

**हालको अवस्था:** केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा ६२ क थप गरी गाउंपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै संघीय कानूनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ। साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ।

गाउँपालिकाको चालू आर्थिक ऐनको दफा ८ ले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) तथा प्रदेश नं. ३ को आर्थिक ऐन, २०७६ को दफा ९ उपदफा १ को अधिकार प्रयोग गरी स्लेट, ढुंगा, गिट्टी, बालुवा, एवम् माटोजन्य वस्तु काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर आदिको संकलन तथा बिक्री गरी बिक्री शुल्क लगाइने र असूल उपर गर्ने व्यवस्था गरेको छ। यस प्रयोजनका लागि गाउंपालिकाका विभिन्न चार क्षेत्रहरुमा गरेको प्रारम्भिक वातावरणीय प्रभाव मूल्यांकनले निम्नअनुसार उत्खनन्योग्य परिमाण सिफारिश गरेको छ :

**तालिका ११: वातावरणीय परीक्षण अनुसार उत्खनन्योग्य परिमाण**

| क्र.सं. | क्षेत्र | वार्षिक उत्खनन्योग्य परिमाण (घ.फु.) |
|---|---|---|
| १ | गल्छी गाउँपालिका क्षेत्रमा पर्ने पिप्ले, कोल्पुखोला बगर र बन्ली मरेङघाट बगरदेखि महेश खोलासम्मको त्रिशुली नदीको बगर क्षेत्र | २,२२२,६४० |
| २ | गल्छी गाउँपालिका क्षेत्रमा पर्ने जिन्टेटारमुनिको जिन्टेबगर, छोटेबगर, रस्टाबगर, मासटारबगर र पानसयटारमुनिको स्यालटार बगरदेखि बेल्खुखेलासम्मको त्रिशुली नदीको बगर क्षेत्र | २,३१३,४८६ |
| ३ | गल्छी गाउँपालिका क्षेत्रमा पर्ने कोशी खेला, खहरे खोला दोभान, गहते, निच्छान बगर र कल्लेरी घाटदेखि केउसे दोभानसम्मको त्रिशुली नदीको बगर क्षेत्र | २,३५८,४६८ |
| ४ | गल्छी गाउँपालिका क्षेत्रमा पर्ने केउरेनीटार, भुत्याह र बेलिनीटारदेखि आदमखोलासम्मको त्रिशुली नदीको बगर क्षेत्र | २,१६९,७२० |
| | **जम्मा** | **९,०६४,३१४** |

यस व्यवस्थाअनुसार ढुङ्गा, गिटी, माटो, वालुवा, स्लेट ग्रावेल र रोडा गाउँपालिकाभित्रको हकमा रु. २।- प्रति घनफिट तथा ढुङगा, गिटी, वालुवा, स्लेट ग्रावेल र रोडा गाउँपालिका बाहिरको हकमा रु. ९।- प्रति घनफिट तोकिएको छ। गाउँपालिका बाहिरको हकमा माटोको बिक्री शुल्क प्रति घनफुट रु. २।५० तोकिएको छ। यसै व्यवस्थाअन्तर्गत गाउँपालिकामा उत्पादन भई निकासी हुने सिमेन्टको हकमा बिक्री मूल्यको ०.५० प्रतिशतका दरले प्राकृतिक स्रोत कर लगाइने उल्लेख गरिएको छ। गाउँपालिकाले उपरोक्त क्षेत्रहरुका लागि कुल रु. ७ करोड ८१ लाखामा ठेक्का लगाएको छ। आ.व. २०७७/०७८ का लागि समेत गाउँपालिकाले प्रारम्भिक वातावरणीय परिक्षणका लागि कार्य शर्त सूची (ToR) स्विकृत गरि प्रकृया अगाडी बढाएको छ।

**सम्भावना:** उल्लेखित तथ्यांक तथा हालको बिक्री वितरणको अवस्था हेर्दा नदीजन्य पदार्थको बिक्रीबाट प्राप्तहुन सक्ने राजस्व सम्भावना तल तालिकामा उल्लेख गरिएको छ :

**तालिका १२: बिक्रीबाट प्राप्त हुने सम्भाव्य राजस्व**

| विवरण | बिक्रीयोग्य परिमाण (घनफुट) | बिक्री दर (प्रति घनफुट) | आय सम्भावना |
|---|---|---|---|
| वातावरणीय परीक्षण भएका चार स्थानको कुल उत्पादन | ९,०६४,३१४ | ९ | ८१,५७८,८२६ |
| उल्लेखित ४ स्थान बाहेकका क्षेत्रबाट हुनेसक्ने बिक्री अनुमान | | | ५,०००,००० |
| **जम्मा** | | | **८५,५७८,८२६** |

**सुधारका पक्षहरू :**

- संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन् हुने कार्य सुनिश्चित गर्ने ।
- प्रारम्भिक वातावरणीय अध्ययन परीक्षणको समय सीमा सकिएपछि पुन: वातावरणीय अध्ययन परीक्षण गरी उत्खनन्योग्य भनी सिफारिश गरिएको परिमाणका आधारमा ठेक्का लगाउने ।
- गाउँपालिकाले अर्थिक ऐनमा नियम विपरित गर्ने ठेकदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

### ख) बहाल बिटौरी शुल्क

**हालको अवस्था:** गाउँपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटवजार र सरकारी जग्गामा वनेका संरचनाको उपयोग गरेवापत बहाल विटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ र यस व्यवस्थामुताविक गाउँपालिकाले बहाल बिटौरी कर संकलन पनि गर्दै आएको छ । आ.व. २०७५।७६ को प्रथम दश महिनाको शीर्षकगत आवधिक आय संकलन विवरण अनुसार गाउँपालिकाले यस अवधिमा यस शीर्षकबाट कुल रु. ७९,५००।- संकलन गरेको थियो ।

**सम्भावना:** गाउँपालिकाका विभिन्न पाँच स्थानमा विभिन्न समयमा मेला वा हाट लाग्ने गर्दछन् । उक्त स्थलहरुको नाम, वार्षिक हाल लाग्ने दिन, औसत अनुमानित व्यापारी संख्या र औसतरुपमा प्रति व्यवसायीबाट संकलन हुन सक्ने सम्भाव्य रकम/दर निम्न तालिकामा दिइएअनुसार अनुमान गरी कुल बहाल बिटौरी करको सम्भावना आँकन गरिएको छ । यस अनुमानअनुसार गाउँपालिकाले यस शीर्षकमा ७२ लाख बहाल बिटौरी कर संकलन गर्न सक्ने सम्भावना देखिन्छ ।

**तालिका १३: बहाल बिटौरी करको सम्भावना**

| क्र.सं. | संकलन क्षेत्र | अनुमानित व्यापारी संख्या (क) | औसत प्रति व्यवसायी संकलन हुने रकम (ग) | कुल संकलन सम्भावना |
|---|---|---|---|---|
| १ | राजमार्ग तथा अन्य सार्वजनिक स्थलमा रहेका घर तथा संरचना (प्रति वर्गफिट रु. २/महिनाका दरले औसत १२०० वर्गफिट प्रतिसंरचनाको २५० व्यक्तिबाट) | २५० | २८८०० | ७,२००,००० |
| | **जम्मा** | | | **७,२००,०००** |

**सुधारका पक्षहरू:** गाउँपालिकाको वहाल विटौरी शुल्कमा सुधार ल्याउनको लागि निम्नअनुसार प्रस्ताव गरिएको छ :

- गाउँपालिकाभित्र भएका सार्वजनिक जमिनको विवरण संकलन गर्ने ।
- वहाल विटौरी शुल्कको दायराभित्र हाटबजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लाग्ने शुल्कलाई समावेश गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा संकलन गर्ने ।

**ग) नक्सा पास दस्तुर**

**हालको अवस्थाः** गाउँपालिकामा नक्सापास गर्ने अभ्यास सुरु भइसकेको छ तर यो प्रारम्भिक अवस्थामा रहेको छ । आ.व. २०७५।७६ को पहिलो दश महिनाको शीर्षकगत आवधिक आय संकलन विवरण अनुसार उक्त अवधिमा कुल २८,८०७ संकलन भएको थियो । गाउँपालिकाको आर्थिक ऐनको दफा ४ ले नक्सापास दस्तुर तोकेको छ । यसअनुसार पुरानो घरलाई अद्यावधिक गर्न रु. १०००, नक्सापासको प्राविधिक फिल्ड निरीक्षणबापत प्रति निरीक्षणको रु. १०००।, घर नक्सा नामसारीको रु. १००० र नक्सा फाराम बिक्रीको पनि रु. १००० दस्तुर तोकिएको छ । यस्तै, नक्सा प्रमाणित, निवेदनलगायतका अन्य कामका लागि छुट्टा-छुट्टै दस्तुर तोकिएको छ । चालु आ.व. २०७६।७७ को जेष्ठ मसान्तसम्म यस शीर्षकमा कुल रु. एक लाख ७७ हजार ४३६।५४ संकलन भएको छ भने अघिल्लो आ.व.मा यस शीर्षक अन्तर्गत ७६,९९१।५६ संकलन भएको थियो ।

**सम्भावनाः** भूकम्पपश्चात् अधिकांश नयाँ घरहरु निर्माण भइसकेका हुँदा ग्रामीण क्षेत्रमा नयाँ घरहरुको निर्माणको दर न्यून रहेको छ । बजार क्षेत्रमा केहीमा मात्रामा नयाँ घरहरु बन्ने क्रम रहेको छ । यस परिवेशमा नक्सापास शीर्षकअन्तर्गतको सम्भाव्य आम्दानी निम्नअनुसार आँकलन गरिएको छ :

तालिका १४ः नक्सापास दस्तुरवापतको आय अनुमान

| नक्सापास दस्तुर शीर्षकहरु | अनुमानित संख्या | दर | रकम (रु.) |
|---|---|---|---|
| नक्सापास फाराम बिक्री दस्तुर | ५० | प्रति फाराम रु. १००० | ५०००० |
| नक्सापास निवेदन दस्तुर | ५० | रु. १०० | ५००० |
| वडा सचिवबाट फिल्ड सर्जिमिन दस्तुर | ५० | रु. २०० | १०००० |
| नक्सापास दस्तुर | ५० | रु. ३ का दरले औसत १२०० घनफुट | १८०००० |
| पुरानो घर अद्यावधिकरण | ८०० | रु. १००० प्रति घर | ८००००० |
| **कुल** | | | **१०,४५,०००** |

**सुधारका पक्षहरूः** घर अभिलेखीकरण तथा नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने र गाउँपालिकाको सम्पूर्ण वस्तीको विस्तृत तथ्यांक प्राप्तीमा ठूलो सहयोग गर्ने हुँदा निर्माण सम्पन्न भइसकेका घरको अद्यावधिकरण र नयाँ घरको नक्सापास कडाइका साथ कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ । थप सुधारका पक्षहरु देहायअनुसार छन् :

- घर अभिलेखीकरणका लागि मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने ।

- मापदण्ड तथा कार्यविधिहरू अनुसार नक्सापास प्रावधान लागु गर्ने ।
- दस्तुर निर्धारण गर्दा घरको तल्ला, बनोट तथा किसिमलाई समेत आधार मान्ने ।

### घ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था:** स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो बापत दस्तुर संकलन गर्न सक्छन् । गाउँपालिकाले "घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि तयार गरी सोही अनुरुप इजाजत पत्र दिने र सो बापत दस्तुर संकलन गर्न सक्ने व्यवस्था रहेको छ ।

**सम्भावना:** गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ संचालनमा आउन चाहनेलाई इजाजत दिन सकिने कानुनी व्यवस्था छ । गाउँपालिकामा यस्ता व्यवसायिक फर्महरू करिब गरी कुल १०० रहेको अनुमान गरिएको छ । प्रति फर्म वार्षिक औसत रु. २५०० रजिष्ट्रेशन दस्तुर लिँदा कुल रु. २५०,००० संकलन गर्न सकिने देखिन्छ ।

**सुधारका पक्षहरू:**

- दर्ता तथा अनुमतीका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- याँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### ङ) सिफारिश तथा प्रमाणित दस्तुर :

**हालको अवस्था:** गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत् निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडावाट संकलन गरिआएको छ । आर्थिक ऐनले सेवा शुल्क शीर्षकमा विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । गाउँपालिकाले आ.व. २०७५।७६ को प्रथम दश महिनाको अवधिमा विभिन्न शीर्षकमा कुल सिफारिश दस्तुर रु. ६,९७,५६४ संकलन गरेको थियो ।

**सम्भावना:** कार्यशाला दौरान भएको छलफल तथा वर्तमानमा वडाहरूले गर्ने विभिन्न सिफारिशको आधारमा यहाँ वार्षिक कुल ५००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । विद्यमान दर अनुसार प्रति सिफारिश औसत रु. १५० कायम भएमा सिफारिश तथा प्रमाणितबाट वार्षिक कुल रु. ७,५०,००० संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडावाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

**च) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**

**हालको अवस्था तथा सम्भावना:** बहालबाट आम्दानी लिनका लागि गाउँपालिकासँग एकवटा एक्साभेटर, एक सभा हल तथा तीन वटा प्रोजेक्टर छन् । एक्साभेटर सञ्चालनका लागि कार्यविधि पनि तर्जुमा भएको छ । प्रतिघण्टा रु. ४१०० दर तोकिएको छ र अपरेटर तथा तेल खर्च कटाउँदा गाउँपालिकालाई प्रतिघण्टा रु. १४०० को दरले प्राप्त हुने गरेको छ । सभा हल तथा प्रोजेक्टरहरु भाडामा लाग्ने गरेका छैनन् । यस परिप्रेक्ष्यमा सम्पत्तिको बहालबाट प्राप्त हुने सम्भाव्य आयको अनुमान निम्नअनुसार गरिएको छ :

**तालिका १५: सम्पत्तिको बहालबापतको सम्भाव्य आय अनुमान**

| क्र. सं. | स्वामित्वमा रहेको सम्पत्ति | अनुमानित सम्भाव्य आय |
|---|---|---|
| १ | एक्साभेटर (दैनिक कम्तीमा पाँच घण्टाका दरले वर्षको कम्तिमा १०० दिन भाडामा जान्छ भन्ने मान्यताका आधारमा) | ७,००,००० |
| २ | हल भाडा (दैनिक रु. २००० का दरले वर्षको कम्तिमा ६० दिन भाडामा जान्छ भन्ने मान्यताका आधारमा) | १,२०,००० |
| | **जम्मा** | **८,२०,०००** |

**सुधारका पक्षहरू:**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण यकिन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा एकीकृत कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालाना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।

# परिच्छेद- ४ : नीतिगत व्यवस्था र राजस्व संकलनको अवस्था

यस परिच्छेदमा गाउँपालिकामा राजस्व संकलन सम्बन्धमा विद्यमान संरचना, नीतिगत व्यवस्थाहरु, राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ। यसले गाउँपालिकाको आय संकलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालनसम्बन्धी संरचना

गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले उपाध्यक्षको संयोजकत्वमा देहायअनुसार राजस्व परामर्श समिति गठन गरेको छ :

तालिका १६: राजस्व परामर्श समिति

| क.सं. | समितिका व्यक्तिहरू (पद) | समिति (जिम्मेवारी) |
|---|---|---|
| १ | उपाध्यक्ष राधा तिमिल्सिना | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत, मोहन कुमार श्रेष्ठ | सदस्य |
| ३ | वडाध्यक्ष-६/कार्यपालिका सदस्य, राजन श्रेष्ठ | सदस्य |
| ४ | कार्यपालिका सदस्य, बबिता खतिवडा | सदस्य |
| ५ | प्रतिनिधि, उ.वा.संघ, दीपक कार्की | सदस्य |
| ६ | प्रमुख/राजस्व शाखा, कमला पौडेल | सदस्य-सचिव |

राजस्व परामर्श समितिले समितिमा छलफल गरी आवश्यकताअनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धि नीतिगत निर्णयहरू गाउँसभा समक्ष पेश गर्ने गरेको छ। राजस्वका दर निर्धारण प्रक्रिया तथा अनुगमन स्थानीय राजस्व परामर्श समिति गठन र त्यसको जिम्मेवारी सम्बन्धी कानुनी व्यवस्था **अनुसूची ३** र उक्त समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा **अनुसूची ४** मा संलग्न गरिएको छ।

## ४.२ राजस्व परिचालनसम्बन्धी नीति

गाउँपालिकाको आ.व. २०७६।७७ को नीति तथा कार्यक्रममा आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थान, संस्थागत विकास तथा सेवा प्रवाह र वित्तीय व्यवस्थापन तथा सुशासन गरी छ वटा क्षेत्रमा विकास कार्यक्रमलाई निर्देशित गर्ने मुख्य नीतिहरु प्रस्तुत गरिएका छन्। जसमध्ये वित्तीय व्यवस्थापन तथा सुशासनका क्षेत्रमा टेवा पुऱ्याउने नीतिहरु देहायअनुसार रहेका छन् :

- तत्कालीन गाउँ विकास समितिबाट पेश्की रकम लिई हालसम्म फर्स्यौट नभएको, म्याद नाघेको पेश्की फछ्यौट कार्यमा प्रभावकारी पहल गरी पेश्की शून्य गरिनेछ। साथै, पेश्की फर्स्यौट गर्न अटेर गर्ने व्यक्ति, फर्म संघ संस्थाको नामावली कार्यालयको मूलद्वारमा फ्लेक्स ब्यानर बनाई प्रचार-प्रसार गरिनेछ। साथै अन्य सेवा सुविधाबाट बञ्चित गराइने
- लेखा व्यवस्थापनका लागि लेखा सफ्टवेयर (Accounting Software) को प्रयोग गरी वित्तयी अनुशासनमा प्रभावकारीता कायम गरिने

- गाउँपालिकाको विकास निर्माणको लागि स्रोत अभिवृद्धि गर्न करको दायरा बढाइने । साथै एकीकृत सम्पत्ति कर लागू गरी घरधुरी कर र मालपोत संकलनलाई न्यायपूर्ण एवं व्यवस्थित बनाइने
- व्यवसाय दर्ता अभियान, कृषिमा आधुनिकीकरण र व्यवसायीकरण तथा लघु, घरेलु, साना, मझौला उद्यम प्रवर्द्धन जस्ता कार्यक्रमबाट गल्छीको आर्थिक समृद्धिको मार्ग प्रशस्त गरिने
- संस्थागत विकास तथा सेवा प्रवाहमा सुधार गरिनेछ । यसको साथै नागरिक बडापत्र तयार गरी लागू गरिने
- गाउँपालिकामा सञ्चालित आयोजनाहरुको गुणस्तर अभिवृद्धि गरी वित्तीय जोखिमलाई न्यूनीकरण गर्न अनुगमन समिति गठन गरी उक्त समितिलाई सक्रिय तुल्याइने
- गाउँपालिकाभित्र सञ्चालनमा रहेका व्यवसायीहरुलाई आफ्नो व्यवसायप्रति उतरदायी बनाउन करको दायरामा ल्याइने
- गाउँपालिकाका वडा कार्यालयको संस्थागत सुदृढीकरणका कार्यहरु थालनी गरिने
- कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन सुशासनका सूचकाङ्कहरूलाई नागरिक वडापत्र, सुझाव पेटिका, सूचना अधिकारी तोक्ने जस्ता कार्यहरुलाई कडाइका साथ लागु गरिने
- कर्मचारी एवमं पदाधिकारीको क्षमता विकासका लागि आवश्यक समय सापेक्ष बनाउन तालिम, अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था मिलाइने तथा कर्मचारीको मनोबल उच्च बनाई राख्न विगतदेखि खाईपाई आएको स्थानिय भत्तालाई निरन्तरता दिइनेछ र उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई वार्षिक बजेट, नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा पुरस्कृत गरिने

## ४.३ विगतको आय परिचालनको अवस्था

गाउँपालिकाको विगतको आय परिचालनको अवस्था देहायअनुसार रहेको छ :

**तालिका १७: गाउँपालिकाको आय वृद्धिदर**

*रु ००० मा*

| आय शीर्षक | २०७५।०७६ को यथार्थ आय (रु.हजार) | २०७६।०७७ को अनुमानित आय | २०७६।०७७ को जेठ मसान्तसम्मको यथार्थ |
|---|---|---|---|
| **क. आन्तरिक आय** | **८८,४१४** | **८५,०००** | **७७,१८२** |
| एकीकृत सम्पत्ति कर *(सम्पत्ति कर)* | १६०२ | | १३०५ |
| भूमी कर/मालपोत | ८७ | | ३० |
| घर बहाल कर | ६७८ | | ४८५ |
| व्यवसाय कर | ८३५ | | ४४३ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | | १४ |
| बहाल विटौरी कर (बहाल विटौरी शुल्क) | ८० | | ० |
| सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ० | ७८००० | ० |
| अन्य बिक्रिबाट प्राप्त रकम *(फाराम दस्तुर)* | ५१ | | २ |
| अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | ७७७७८ | | ७०००० |
| अन्य प्रशासनिक सेवा शुल्क (मुल्यांकन समेत) | ११५ | | ८ |
| नक्सापास दस्तुर | ७७ | | १७७ |
| सिफारिश/प्रमाणित दस्तुर | ९४१ | | ७३६ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | १३९ | | २५ |
| नाता प्रमाणित दस्तुर | ६२ | | ८ |

| आय शीर्षक | २०७५।०७६ को यथार्थ आय (रु.हजार) | २०७६।०७७ को अनुमानित आय | २०७६।०७७ को जेठ मसान्तसम्मको यथार्थ |
|---|---|---|---|
| अन्य दस्तुर/ *राजस्व* | ३९१ | | २३८ |
| न्यायिक दण्ड, जरिवाना र जफत | ० | | ० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | २०९ | | ० |
| अन्य राजस्व | ५३६८ | ७००० | ३७११ |
| **ख. राजस्व बाँडफाँड** | **६४,४५६** | **९२,०५४** | **–** |
| संघीय सरकार बाट (मु.अ.कर तथा अन्तः शुल्क) | ५२,८१५ | ७७,६०० | |
| प्रदेश सरकार बाट (सवारी साधन) | ११,६४२ | १४,४५४ | |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | **३४४,५१९** | **३६७,७५३** | **–** |
| संघीय सरकार | | २६२,६०० | |
| समानीकरण अनुदान | १४४,१०० | १४२,००० | |
| सशर्त अनुदान | १३०,०९३ | १२०,६०० | |
| अन्य अनुदान/ *समपूरक* | २६,८७८ | – | |
| प्रदेश सरकार | | | |
| समानिकरण अनुदान | ८,०३८ | १०,१६९ | |
| सशर्त अनुदान | १७,५६९ | १,५८४ | |
| समपुरक अनुदान | १६,८४१ | | |
| अन्य आन्तरिक अनुदान | | | |
| अन्य संस्थागत आन्तरिक अनुदान (सडक बोर्ड, एलजीसीडीपी, जिसस, कृषि मूल्य श्रृखला, सामाजिक सुरक्षा) | १,००० | ९३,४०० | |
| अन्य व्यक्तिगत आन्तरिक अनुदान (लागत सहभागिता) | – | – | – |
| **कुल जम्मा** | **४९७,३८९** | **५४४,८०७** | |

आ.व.२०७५।७६ को यथार्थ आय विवरणअनुसार सो आ.व.मा कुल ४९ करोड ७३ लाख ३८९ हजार आयमध्ये रु. ८८ लाख ४१४ अर्थात् करिब १८ प्रतिशत आन्तरिक आयको हिस्सा रहेको छ। .आ.व. २०७६।७७ को हकमा आन्तरिक आयको हिस्सा १५.६ प्रतिशत मात्र देखिन्छ।

### तालिका १८: गाउँपालिकाको कुल आयमा योगदान

*रु ००० मा*

| आय शीर्षक | २०७५।०७६ को यथार्थ आय | | २०७६।७७ को अनुमानित आय | |
|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत |
| क. आन्तरिक आय | ८८,४१४ | १७.८ | ८५,००० | १५.६ |
| ख. राजस्व बाँडफाँडबाट प्राप्त आय | ६४,४५६ | १३.० | ९२,०५४ | १६.९ |
| ग. अनुदान | ३४४,५१९ | ६९.३ | ३६७,७५३ | ६७.५ |
| **कुल जम्मा** | **४९७,३८९** | **१००.०** | **५४४,८०७** | **१००.०** |

## ४.४ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने, संगठनात्मक स्वरुप तयार गर्ने वास्तविक दरबन्दीको यकीन गर्ने काम बाँकी रहेको छ। स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्वको संस्थागत क्षमता देहायअनुसार रहेको छ :



*राजस्व शाखा र करदाता*



- राजस्व एकाइमा पर्याप्त कर्मचारी र पूर्वाधार रहेको
- राजस्व संकलनमा संलग्न कर्मचारीहरूका लागि तालिम तथा अभिमुखीकरण नभएको ।
- राजस्व प्रशासनमा कम्प्युटर तथा सफ्टवेयर जडान भएको ।
- वडा कार्यालयहरूबाट मूलतः पञ्जीकरण, सिफारिस दस्तुर संकलन गर्ने गरिएको ।
- वडा कार्यालयहरुबाट सबै किसिमका करहरु संकलन हुन नसकेको
- स्थानीय राजस्व परामर्श समिति गठन भएको तर पर्याप्त प्रभाकारी र क्रियाशील हुन नसकेको ।
- वडा कार्यालयहरूबाट संकलित रकम बैंक दाखिला गर्ने समयमा एकरुपता नरहेको
- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्यांकन कम भएको ।

## ४.५ राजस्व परिचालनमा रहेका सवालहरु

गाउँपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।

### क. संगठनात्मक संरचना निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न गाउँपालिकामा राजस्व शाखा स्थापना, आवश्यक दरबन्दी स्वीकृति तथा कर्मचारी पदस्थापना गर्नु आवश्यक देखिन्छ । यसका साथसाथै गाउँपालिकाको राजस्व अधिकारको आधारमा भौतिक सुविधा, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूवाट समेत तोकिएका शिर्षकहरूमा आय संकलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

### ख. आर्थिक ऐनमा सुधार

गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गरी स्वीकृत गरेको छ तर सो ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ । गाउँपालिकाको जे.सी.बी., सभा हल तथा प्रोजेक्टरजस्ता सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्थाअनुसार एकीकृत सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ । आगामी आ.व. २०७७।७८ का लागि आर्थिक ऐनको नमूना मस्यौदा **अनुसूची ५** मा संलग्न गरिएको छ ।

### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूवाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

### घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्वन्धि जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना व्यवस्था कानुनमा व्यवस्था भए पनि सर्वसाधारणको जानकारीका लागि पनि प्रचार प्रसार गर्नु पर्दछ ।

### ङ. तथ्याङ्कमा आधारित अभिलेख

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### च. समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा वाह्य निकायहरूसँग समन्वय आवश्यक छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ ।

### च. सामाजिक आर्थिक अवस्था

स्थानीय स्तरमा आयआर्जनका अवसरहरू सीमित छन् । कृषि क्षेत्र जीवन निर्वाहमुखी छ । बजार क्षेत्र व्यवसायमुखी रहेको छ भने ग्रामीण क्षेत्र जीवननिर्वाहमुखी रहेको छ । धेरै घरधुरीमा कर तिर्ने विषयलाई जिम्मेवारीभन्दा पनि बोझका रुपमा लिने चलन अद्यापि कायम रहेको छ ।

### छ. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आय संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । गाउँपालिकाले आय-व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

# परिच्छेद- ५ : राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

## ५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना

गाउँपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवाला पक्षसँग परामर्श गरी राजस्व सुधार कार्ययोजनाको मस्यौदा तयार गरिएको छ । कार्ययोजनामा तीन वटा विषय छुट्याई राजस्व सुधारको मस्यौदा कार्ययोजना तर्जुमा गरी प्रस्तुत गरिएको छ । उक्त विवरणमा परामर्शदाताद्वारा संकलित सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजनाका कार्यहरूलाई बृहत् रुपमा देहायअनुसार तीन क्षेत्रमा विभाजन गरिएको छ :

क. कर राजस्व सुधार योजना
ख. गैरकर राजस्व सुधार योजना
ग. राजस्व प्रशासन सुधार योजना

तालिका १९: राजस्व सुधार कार्ययोजना

**(कार्ययोजना तर्जुमा मिति: २०७७ ज्येष्ठ २६ गते)**

**क. कर राजस्व सुधार योजना**

| क्र.सं. | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **१** | **मालपोत (भूमिकर)** | | |
| १.१ | जग्गाको मूल्यांकनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने | २०७७ असारसम्म | -राजस्व उपशाखा<br>-राजस्व परामर्श समिति<br>-गाउँ सभा |
| १.२ | घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने | २०७७ आश्विन देखि | -राजस्व उपशाखा<br>-वडा कार्यालय |
| **२** | **सम्पत्ति कर** | | |
| २.१ | आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने | २०७७ असार मसान्त | -राजस्व परामर्श समिति<br>-गाउँसभा |
| २.२ | सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने | | -राजस्व परामर्श समिति<br>-कार्यपालिका |
| २.५ | वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | २०७७ मंसिरदेखि | -राजस्व उपशाखा तथा वडा कार्यालय, राजस्व परामर्श समिति |
| २.६ | सम्बन्धीत कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने | २०७७ पौषसम्म | -प्रमुख प्रशासकीय अधिकृत |
| **३** | **घर जग्गा वहाल कर** | | |
| ३.१ | प्रतगतिशिल करको दर अवलम्बन गर्ने | २०७७ असारसम्म | -राजस्व परामर्श समिति<br>-गाउँसभा |
| ३.२ | बहालमा भएका घर तथा जग्गाहरुको लगत संकलन गर्ने । | २०७७ पौषसम्म | -राजस्व उपशाखा |

| क्र.सं. | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | | | -वडा कार्यालय<br>-राजस्व परामर्श समिति |
| ३.३ | बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई सम्पूर्णलाई करको दायरमा ल्याउने | २०७७ श्रावणदेखि | -राजस्व उपशाखा<br>-वडा कार्यालय |
| ४ | **व्यवसाय कर** | | |
| ४.१ | करको दरलाई व्यवसायको वर्गीकरणको आधारमा पुनरावलोकन गरी आर्थिक ऐनमा समावेश गर्ने । | २०७७ असारसम्म | -राजस्व परामर्श समिति<br>-गाउँसभा |
| ४.२ | व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था आर्थिक ऐनमा समावेश गर्ने । | | -गाउँसभा |
| ४.३ | दर्ता भएका व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने | २०७७ मंसिर देखि नियमित | -राजस्व शाखा<br>-वडा कार्यालय |
| ४.४ | व्यवसाय दर्ता तथा कर संकलनका लागि मुख्य बजारक्षेत्रहरुमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने | | |
| ५ | **जडीबुटी, कवाडी र जीवजन्तु कर** | | |
| ५.१ | कवाडी करको दर निर्धारण गर्ने | २०७७ असारसम्म | -राजस्व परामर्श समिति<br>-गाउँसभा |
| ५.२ | कवाडी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने र कर संकलन गर्ने | २०७७ श्रावण देखि | -राजस्व शाखा<br>-वडा कार्यालय |
| ६ | **विज्ञापन कर** | | |
| ६.१ | गाउँपालिका क्षेत्रमा राखिएका विज्ञापन सामाग्रीहरूको किसिम तथा स्थलको पहिचान गर्ने तथा सो सम्बन्धी लगत संकलन गर्ने । | २०७७ असारसम्म | -राजस्व शाखा<br>-वडा कार्यालय |
| ६.२ | न्यूनतम ठेक्का अंक निर्धारण गरी ठेक्का प्रकृया अगाडी बढाउने । | २०७७ असार मसान्त | -राजस्व शाखा |

## ख. गैरकर राजस्व सुधार योजना

| क्र.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **ढुंगा, गिट्टी, बालुवा, स्लेट आदिको बिक्री** | | |
| १.१ | बिक्री दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने | २०७७ असारसम्म | -राजस्व परामर्श समिति<br>-गाउँसभा |
| १.२ | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणमा ठेक्का आव्हान गर्ने । कुनै स्थानमा ठेक्का नलागेमा अमानतबाट संकलन गर्न सकिने व्यवस्थालाई समावेश गरी सो अनुरुप कार्यान्वयन गर्ने । | २०७७ श्रावण मसान्त भित्र | -प्रमुख प्रशासकीय अधिकृत<br>-योजना शाखा |
| १.३ | ठेक्कामा उल्लेख भएको शर्त नमानेमा हुन सक्ने कारबाही र दण्ड सजायको व्यवस्था आर्थिक ऐनमा उल्लेख गर्ने । | २०७७ चैत मसान्त भित्र | -राजस्व शाखा |
| १.४ | नेपाल सरकारको “ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७” को प्रावधान अनुशार बिक्री तथा अनुगमन गर्ने | २०७७।७८ देखि नियमित रुपमा | - गाउँ कार्यपालिका |

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १.५ | अनुगमनलाई नियमित र प्रभावकारी बनाई प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले सिफारिश गरेको परिमाण तथा प्रावधानहरुको पालना सुनिश्चित गर्ने । | | |
| **२** | **नक्सा पास दस्तुर** | | |
| २.१ | भवनहरुलाई आवासीय, व्यवसायिक तथा औद्योगिक गरी वर्गीकरण गर्ने | २०७७ असार मसान्त | -राजस्व परामर्श समिति<br>-गाउँसभा |
| २.२ | वर्गीकरणअनुसार दर निर्धारणका लागि आर्थिक ऐन संशोधन गर्ने तथा सेवामूलक संरचनालाई छुट दिने | | |
| २.४ | पुराना घरको अभिलेखीकरण/अद्यावधिकरण तथा नयाँ घरको नक्सा पास अनिवार्य रुपमा गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम गरी गाउँपालिकाभरि नक्सापास संस्कृति विकास गर्ने | २०७७ चैत मसान्तसम्म | -राजस्व उपशाखा<br>-प्राविधिक शाखा<br>-वडा कार्यालय |
| **३** | **बहाल विटौरी शुल्क** | | |
| ३.१ | सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचनाको आकार, प्रकृति र विद्यमान उपयोगको अवस्था हेरी शुल्क निर्धारण गर्ने | २०७७ असार मसान्त | -राजस्व परामर्श समिति<br>-गाउँसभा |
| ३.२ | गाउँपालिका क्षेत्रमा लाग्ने विभिन्न हाट बजारमा थापिने पसलहरूको पटके शुल्क निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने | | |
| ३.३ | गाउँपालिका क्षेत्रभित्र भएका सार्वजनिक जमिन तथा त्यहाँ रहेका संरचनाबारे तथ्यांक संकलन गर्ने | २०७७ पौष मसान्त | -प्राविधिक शाखा<br>-प्रशासन शाखा |
| **४** | **दर्ता, नवीकरण तथा अनुमती दस्तुर** | | |
| ४.१ | दर्ता तथा नवीकरण दस्तुरको दर आर्थिक ऐनमा समावेश गर्ने । | २०७७ असार मसान्तसम्म | -राजस्व परामर्श समिति<br>-गाउँ सभा |
| ४.२ | विद्यालय स्थापना, घ वर्गको ठेक्का इजाजत, एफ.एम. रेडियो सञ्चालन, स्थानीयस्तरमा व्यापारिक फर्म आदिको दर्ता गर्ने कार्यविधि तर्जुमा गर्ने (मन्त्रालयले तयार गरेको नमुना कार्यविधिको आधारमा) | २०७७ मंसिर सम्म | -प्रमुख प्रशासकीय अधिकृत<br>-गाउँ कार्यपालिका |
| **५** | **दीर्घकालीन आय स्रोतको पहिचान तथा सम्भाव्यता** | | |
| ५.१ | गाउँपालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने<br>- मुख्य बजार क्षेत्रमा खानेपानी सञ्चालन<br>- अतिथी गृह सञ्चालन<br>- हाट बजार संचालन<br>- पार्किङ्ग स्थल निर्माण आदी | २०७७ पौषसम्म | -राजस्व परामर्श समिति<br>-गाउँ कार्यपालिका |
| ५.२ | पहिचान भएका क्षेत्रहरूको सम्भाव्यता अध्ययनका लागि आवश्यक रकम विनियाजन गर्ने । | २०७७ माघसम्म | -गाउँ सभा |

## ग. राजस्व प्रशासन सुधार योजना

| **क्र.स** | **सुधारका लागि गर्नु पर्ने कार्यहरू** | **समयावधि** | **जिम्मेवारी** |
|---|---|---|---|
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| १.१ | आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने<br>- स्थानीय सरकार सञ्चालन ऐनले अख्तियार गरेको ढाँचामा राजस्वका शीर्षकहरु परिमार्जन गर्ने ।<br>- गाउँपालिकामा तत्काल उपलब्ध नभएका आधार तथा सेवा आदिलाई आर्थिक ऐनबाट हटाई बढी व्यवहारिक र प्रभावकारी बनाउने<br>- उपयुक्त सबै स्थानमा राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि समावेश गर्ने | २०७७ असारसम्म | -राजस्व परामर्श समिति<br>-गाउँ सभा |
| १.२ | राजस्व नीति सामर्थ्यमा आधारित तथा करदाता मैत्री बनाउने | २०७७ माघ | -राजस्व परामर्श समिति<br>-गाउँ सभा |
| १.३ | संगठन संरचना पुनरावलोकन गरी राजस्व शाखा गठन गर्ने | २०७७ पौष | -कार्यपालिका |
| २ | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| २.१ | संगठन संरचना पुनरावलोकन गरी राजस्व शाखा गठन गर्ने र अधिकृत स्तरको कर्मचारीको व्यवस्था गर्ने | २०७७ माघ सम्म | -गाउँ कार्यपालिका |
| २.२ | राजस्व शाखा तथा सो शाखाको कर्मचारीको कार्यविवरण तयार गरि जिम्मेवारी प्रदान गर्ने । | २०७७ माघ सम्म | -प्रमुख प्रशासकीय अधिकृत |
| २.३ | राजस्व प्रशासनका कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम व्यवस्था गर्ने | २०७७ चैत्र सम्म | |
| २.४ | वडा कार्यालयहरुमा पनि कम्प्युटर, कर्मचारी, लेखा सफ्टवेयर, विद्युत्को वैकल्पिक व्यवस्था गरी गाउँपालिकाको कम्प्युटर प्रणालीसँग सञ्जालीकरण गर्ने | २०७७ चैत्र सम्म | |
| २.५ | सबै वडा कार्यालयहरूबाट कम्प्युटर बिलिङ प्रणाली सुरुवात गरी आफ्नो वडाबाट सम्पत्ति कर तथा मालपोत समेत तिर्न पाउने सुविधा विस्तार गर्ने | २०७८ बैशाख देखि | -राजस्व शाखा<br>-वडा कार्यालय |
| २.६ | वडा कार्यालयका सम्बन्धित कर्मचारी तथा पदाधिकारीलाई विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षकमा आम्दानी बाँध्ने सम्बन्धमा अभिमुखीकरण गर्ने | २०७७ मंसिर सम्म | -राजस्व शाखा<br>-वडा कार्यालय |
| ३ | **करदातामैत्री/करदाता लक्ष्यित कार्यक्रम** | | |
| ३.१ | विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरू प्रचार प्रसार गर्ने | २०७७ कार्तिकदेखि | -राजस्व परामर्श समिति<br>-वडा कार्यालय |
| ३.२ | सबभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने किसिमका कार्यक्रमहरु आयोजना गर्ने | गाउँ सभाको दिन | -राजस्व शाखा<br>-गाउँसभा |
| ४ | **पारदर्शिता र जवाफदेहिता** | | |
| ४.१ | चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गर्ने | चौमासिक | -राजस्व शाखा |

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| ४.२ | राजस्व परामर्श समितिलाई सक्रिय गराउने (राजस्व परामर्श समितिको बैठक बसी राजस्व असुली अनुगमन सम्बन्धी छलफल गर्ने | त्रैमासिक | -सदस्य सचिव<br>-राजस्व परामर्श समिति संयोजक |
| **५** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| ५.१ | यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरू कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७७ असारदेखि निरन्तर | -प्रमुख प्रशासकीय अधिकृत |
| ५.२ | कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने | -२०७७ असार मसान्त | -कार्यपालिका<br>-गाउँ सभा |

# परिच्छेद- ६ : आय प्रक्षेपण

यस परिच्छेदमा आगमी तीन आर्थिक वर्षहरूका लागि गाउँपालिकाको राजस्व प्रक्षेपण गरिएको छ। महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा आय प्रक्षेपण गरिएको छ। गाउँपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयनपश्चात् आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले गाउँपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७७।७८ देखि २०७९।८०) को लागि आय प्रक्षेपण गरिएको छ। यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ। त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ।

### तालिका २०: आगामी तीन आव.का लागि राजस्व प्रक्षेपणका आधार

(रकम रु.০০০)

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | आगामी आ.व.का लागि प्रक्षेपित रकम |
|---|---|---|---|---|
| क | आन्तरिक आय तर्फ | | | ९३,५१८ |
| १ | सम्पत्ति कर | २८४० | कुल सम्भावनाको ६० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १,७०४ |
| २ | भूमी कर (मालपोत) | २,३२५ | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | १,१६३ |
| ३ | घर बहाल कर | १,०८१ | कुल सम्भावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ७५७ |
| ४ | बहाल विटौरी शुल्क | ४,४१० | कुल सम्भावनाको २० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ८८२ |
| ५ | व्यवसाय कर | २,६२५ | कुल सम्भावनाको ५० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १,३१३ |
| ६ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १५० | कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | १२० |
| ७ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | ८८० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने | ८८० |
| ८ | अन्य बिक्रिबाट प्राप्त रकम | ५० | फाराम, पुस्तक, नक्सा जस्ता सामग्रीहरुको बिक्रीवाट आ.ब. २०७७।७८ मा रु ५० हजार संकलन हुने र त्यसपछि बार्षिक १५ प्रतिशत बृद्धि हुँदै जाने अनुमान | ५० |
| ९ | *अन्य सेवा शुल्क तथा बिक्री (ढुंगा, गिट्टी, बालुवा बिक्री)* | ८८४०६ | कुल सम्भावनाको ९५ प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | ८३,९८६ |
| १० | सेवा प्रशासनिक सेवा शुल्क (मुल्यांकन समेत) | २५० | कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १५ प्रतिशतले बढ्दै जाने | २५० |
| ११ | नक्सापास दस्तुर | ५४५ | | ५४५ |
| १२ | सिफारिश दस्तुर | ७५० | | ७५० |

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | आगामी आ.व.का लागि प्रक्षेपित रकम |
|---|---|---|---|---|
| १३ | व्यक्तिगत घटना दर्ता दस्तुर | १५० | | १५० |
| १४ | नाता प्रमाणित दस्तुर | १०० | | १०० |
| १५ | अन्य दस्तुर | ४०० | | ४०० |
| १६ | न्यायिक दण्ड, जरिवाना र जफत | २० | | २० |
| १७ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०० | | २०० |
| १८ | अन्य राजस्व (ठेक्का | २५० | | २५० |
| **क** | **राजस्व बाँडफाँड** | | | **९२,३९७** |
| | ***संघीय सरकार*** | | | |
| १ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर<br>बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | ७५,२९३ |
| २ | बाँडफाँड भई प्राप्त खानी रोयल्टी | | चालु आ.व.मा प्राप्त भएको आधारमा आ.व. २०७७७८ मा रु ५ हजार र त्यसपछि वार्षिक ५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान | ५ |
| | ***प्रदेश सरकार*** | | | |
| १ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | आ.व. २०७७७८मा १० लाख र त्यसपछि वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | १,००० |
| २ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १५,८९९ |
| ३ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | आ.व. २०७७७८ मा रु २० हजार प्राप्त हुने र त्यसपछि वार्षिक १० प्रतिशतले वृद्धि हुदै जाने अनुमान | २० |
| ४ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | आ.व. २०७७७८मा नगरपालिकाको हिस्सा ६० प्रतिशत र त्यसपछि वार्षिक १५ प्रतिशतले वृद्धि हुदै जाने अनुमान | १८० |
| ग. | **अनुदान तथा वित्तीय हस्तान्तरण** | | | **४६०,३९८** |
| | ***संघीय सरकार*** | | | |
| १ | समानिकरण अनुदान | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जाने | १४०,३०० |
| २ | शसर्त अनुदान चालु<br>शसर्त अनुदान पूँजीगत | | | १५६,४०० |
| ३ | विषेश अनुदान चालु<br>विषेश अनुदान पूँजीगत | | | २०,००० |
| ४ | समपुरक अनुदान चालु<br>समपुरक अनुदान पूँजीगत | | | ७,५०० |
| ५ | अन्य अनुदान चालु *(सामाजिक सुरक्षा समेत)*<br>अन्य अनुदान पूँजीगत | | आ.ब. २०७७७८ का लागि १० करोड अनुमान र त्यसपछि क्रमस ५ प्रतिशतका दरले बृद्धि हुँदै जान | १००,००० |
| | ***प्रदेश सरकार*** | | | |

| क.सं. | राजश्व शिर्षक | कुल सम्भाव्य आय | आगामी आ.व.को लागि प्रक्षेपणको आधार | आगामी आ.व.का लागि प्रक्षेपित रकम |
|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | | आ.ब. २०७७७८ का लागि प्राप्त सिलिङ्ग र त्यसपछि क्रमस ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने | १०,१९८ |
| २ | शसर्त अनुदान चालु<br>शसर्त अनुदान पूँजीगत | | आ.ब. २०७७७८ का लागि १ करोड ५० लाख र त्यसपछी क्रमश: ५ प्रतिशतले बढ्दै जाने | १५,००० |
| ३ | समपुरक अनुदान चालु<br>समपुरक अनुदान पूँजीगत | | आ.ब. २०७७७८ का लागि १ करोड र त्यसपछी प्रत्येक आ.व.मा २ करोड प्राप्त हुने अनुमान | १०,००० |
| | ***अन्य आन्तरिक अनुदान*** | | | |
| १ | अन्य संस्थागत आन्तरिक अनुदान | | आ.ब. २०७७७८ मा रु ५ लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान | ५०० |
| २ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | जनताको लागत सहभागितावाट आ.ब. २०७७७८ मा रु ५ लाख प्राप्त हुने र त्यसपछि बार्षिक १० प्रतिशतले बृद्धि हुँदै जाने अनुमान | ५०० |

## ६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी गाउँपालिकाको आगामी तीन वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ। माथिका अध्यायहरूमा प्रस्ताव गरिएअनुसार ऐनले दिएबमोजिम करका दायरा विस्तार गर्न सकेको खण्डमा निम्न तालिकामा दिए अनुसार गाउँपालिकाको आय वृद्धि हुने देखिन्छ।

### तालिका २१: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

रु.हजारमा

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १०००० | **राजस्व तथा अनुदान** | ४९७,३८९ | ५३०,३५३ | ६५२,८०४ | ६९४,३१६ | ७३९,२७२ |
| | **आन्तरिक आय** | ८८,४१४ | ८५,००० | ८७,३७८ | १००,४८८ | ११५,६०७ |
| ११३१३ | एकीकृत सम्पत्ति कर *(सम्पति कर)* | १,६०२ | - | १,२८४ | १,४१२ | १,५५४ |
| ११३१४ | भूमी कर/मालपोत | ८७ | - | १,४०६ | १,५४७ | १,७०२ |
| ११३२१ | घर बहाल कर | ६७८ | - | ७५७ | ८३२ | ९१६ |
| १४६११ | व्यवसाय कर | ८३५ | - | १,२३६ | १,४२१ | १,६३५ |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | - | - | २०० | २३० | २६५ |
| ११३२२ | बहाल विटौरी कर (बहाल विटौरी शुल्क) | ८० | - | १,४४० | १,८७२ | २,४३४ |
| १४१५१ | सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय | - | - | ८२० | ९०२ | ९९२ |
| १४२१३ | अन्य बिक्रिबाट प्राप्त रकम *(फाराम दस्तुर)* | ५१ | - | ५० | ५८ | ६६ |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | ७७,७७८ | ७८,००० | ७७,०२० | ८८,५७३ | १०१,८५९ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क ( मुल्यांकन समेत) | ११५ | - | २५० | २८८ | ३३१ |
| १४२४२ | नक्सापास दस्तुर | ७७ | - | १,०४५ | १,२०२ | १,३८२ |
| १४२४३ | सिफारिश/प्रमाणित दस्तुर | ९४१ | - | ७५० | ८६३ | ९९२ |
| १४२४४ | ब्यक्तिगत घटना दर्ता दस्तुर | १३९ | - | १५० | १७३ | १९८ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ६२ | - | १०० | ११५ | १३२ |
| १४२४९ | अन्य दस्तुर/ *राजस्व* | ३९१ | - | ४०० | ४६० | ५२९ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | - | - | २० | २३ | २६ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | २०९ | - | २०० | २३० | २६५ |
| १४५२९ | अन्य राजस्व | ५,३६८ | ७,००० | २५० | २८८ | ३३१ |
| | **राजस्व बाँडफाँड** | **६४,४५६** | **७७,६००** | **९२,५१७** | **९७,२२४** | **१०२,१७६** |
| | **संघीय सरकार** | **५२,८१५** | **७७,६००** | **७५,२९८** | **७९,०६३** | **८३,०१६** |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५२८१४.६९ | ७७६०० | ७५,२९३ | ७९,०५८ | ८३,०११ |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | | | |
| १४१५४ | बाँडफाँड भई प्राप्त खानी रोयल्टी | - | - | ५ | ५ | ६ |
| | **प्रदेश सरकार** | **११,६४२** | **-** | **१७,२१९** | **१८,१६१** | **१९,१६०** |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ११६४२ | - | १५,८९९ | १६,६९४ | १७,५२९ |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर ( *प्रदेशसंग राजस्व बाँडफाँड)* | - | - | १,००० | १,१०० | १,२१० |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | - | - | २० | २२ | २४ |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | - | - | ३०० | ३४५ | ३९७ |
| | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **३४३,५१९** | **२७४,३५३** | **४७१,९०९** | **४९५,५०४** | **५२०,२८०** |
| | **संघीय सरकार** | **३०१,०७१** | **२६२,६००** | **४२४,२००** | **४४५,४१०** | **४६७,६८१** |
| १३३११ | समानिकरण अनुदान | १४४१०० | १४२००० | १४०,३०० | १४७,३१५ | १५४,६८१ |
| १३३१२ | शसर्त अनुदान चालु | १३०,०९३ | १२०,६०० | १५६,४०० | १६४,२२० | १७२,४३१ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | | | २०,००० | २१,००० | २२,०५० |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | ७,५०० | ७,८७५ | ८,२६९ |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| १३३१८ | अन्य अनुदान चालु (सामाजिक सुरक्षा समेत) | २६,८७८ | - | १००,००० | १०५,००० | ११०,२५० |

| राजस्व संकेत | राजस्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | | | | |
| | **प्रदेश सरकार** | **४२,४४८** | **११,७५३** | **४७,७०९** | **५०,०९४** | **५२,५९९** |
| १३३११ | समानिकरण अनुदान | ८०३८ | १०१६९ | १०,१९८ | १०,७०८ | ११,२४३ |
| १३३१२ | शसर्त अनुदान चालु | १७,५६९ | १,५८४ | १७,५११ | १८,३८७ | १९,३०६ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | | |
| १३३१४ | विषेश अनुदान चालु | १६,८४१ | - | - | - | - |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | |
| १३३१६ | समपुरक अनुदान चालु | | | २०,००० | २१,००० | २२,०५० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | |
| | **अन्य आन्तरिक अनुदान** | **१,०००** | **९३,४००** | **१,०००** | **१,१००** | **१,२१०** |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान (सडक बोर्ड नेपाल) | १,००० | ९३,४०० | ५०० | ५५० | ६०५ |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान *(लागत सहभागिता)* | - | - | ५०० | ५५० | ६०५ |

# परिच्छेद- ७ : कार्ययोजनाको अनुगमन तथा मूल्यांकन

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिलाई फागुन महिनाभित्र आगामी तीन आर्थिक वर्षको आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । त्यसैले हरेक आर्थिक वर्षको फागुन महिनासम्ममा राजस्व सुधार कार्ययोजना तयार गरी सम्बन्धित समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरूको लागि आवश्यक आधार हुनेछ । राजस्व सुधारका नीति, क्रियाकलापहरू तथा बजेट अनुमान पश्चात् राजस्व सुधार कार्ययोजना अनुसारका क्रियाकलापहरू संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भएको नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक वर्षको आय प्रक्षेपणका लागि त्यस अवधिसम्मको क्रियाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक वर्ष सम्पन्न भएपछि सो आर्थिक वर्षका लागि तय गरिएका क्रियाकलापहरू तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजस्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनका लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन व्यवस्था सिफारिश गरिएको छ ।

**(क) कार्यालयस्तरको अनुगमनः** प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरू यो योजना कार्यान्वयन र अनुगमनमा बढी सक्रिय रहनु आवश्यक हुन्छ । स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक बसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको पुनरावलोकन/अनुगमन गरी लक्ष्य हासिल गर्नेतर्फ नीतिगत निर्णयहरू कार्यान्वयनमा ल्याउनु पर्दछ ।

**(ख) राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्यांकनः** राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमित अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक वर्षको लागि आयको अनुमान गर्ने कार्यपूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारका लागि क्रियाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ । यसका अतिरिक्त आर्थिक वर्षको समाप्तीपश्चात् राजस्व सुधार योजनाको समीक्षा गरिन्छ ।

**(ग) कार्यपालिकाबाट अनुगमन तथा मूल्यांकनः** कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिले प्रस्तुत गरेका सुझावहरूलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्रममा राजस्व सुधार योजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु आवश्यक भएमा निर्णय गरिन्छ ।

**(घ) बाह्य अनुगमन तथा मूल्यांकनः** राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्न चाहने संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरू आदिले अनुगमनका लागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसँग सम्बन्धित तथ्यांक बाहेक योजना कार्यान्वयन प्रक्रियाको अनुगमन तथा करदाताहरूको अनुभूति संकलन पनि अनुगमनको मुख्य विधि हुनसक्नेछ ।

# परिच्छेद- ८ : निष्कर्ष तथा सुझाव

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरूबाट तथ्यांक तथा सूचनाहरू संकलन गरिएको थियो । विभिन्न फारामहरूको प्रयोग गरी गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूबाट समेत तथ्यांक तथा सूचनाहरू संकलन गरिएको थियो । हालको राजस्व संकलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि विभिन्न कर्मचारी तथा पदाधिकारीहरुसँग परामर्श गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरियो । संकलित तथ्यांक, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरूको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ ।

## ८.१ निष्कर्ष तथा सुझाव

यस अध्ययनअनुसार गल्छी गाउँपालिकाको आगामी आ.व. २०७७।७८ को कुल आय रु. ६५ करोड २८ लाख ४ हजार हुने देखिएको छ र अन्य आन्तरिक अनुदान पनि बढ्न सक्ने हुँदा यो रकम अझ बढ्न सक्दछ । सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनपश्चात् आगामी तीन आर्थिक वर्षहरूमा हुने आय संरचना देहायअनुसार हुने प्रक्षेपण गरिएको छ :

तालिका २२: प्रक्षेपित आय संरचना

रु. हजारमा

| क्र.सं. | राजश्व शिर्षक | यथार्थ | अनुमान | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|
| | | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० |
| १ | आन्तरिक आय | ८८,४१४ | ८५,००० | ८७,३७८ | १००,४८८ | ११५,६०७ |
| २ | राजश्व बाँडफाँड | | | | | |
| | *संघीय सरकार* | ५२,८१५ | ७७,६०० | ७५,२९८ | ७९,०६३ | ८३,०१६ |
| | *प्रदेश सरकार* | ११,६४२ | - | १७,२१९ | १८,१६१ | १९,१६० |
| ३ | अनुदान तथा वित्तिय हस्तान्तरण | | | | | |
| | *संघीय सरकार* | ३०१,०७१ | २६२,६०० | ४२४,२०० | ४४५,४१० | ४६७,६८१ |
| | *प्रदेश सरकार* | ४२,४४८ | ११,७५३ | ४७,७०९ | ५०,०९४ | ५२,५९९ |
| | *अन्य आन्तरिक अनुदान* | १,००० | ९३,४०० | १,००० | १,१०० | १,२१० |
| | **जम्मा** | **४९७,३८९** | **५३०,३५३** | **६५२,८०४** | **६९४,३१६** | **७३९,२७२** |
| | कुल आयमा आन्तरिक आयको योगदान (प्रतिशत) | १७.७८ | १६.०३ | १३.३९ | १४.४७ | १५.६४ |

उल्लेख गरिएअनुसार प्रक्षेपित आय हासिल गर्नका लागि गाउँपालिकाले वर्तमान संरचना तथा व्यवस्थापन प्रणालीमा उल्लेख्य परिवर्तन गर्न आवश्यक देखिन्छ । यस सन्दर्भमा सुधारका लागि सुझाइएका कदमहरू निम्नअनुसार छन् :

- गाउँपालिकाले राजस्व संकलन गरिरहेका तर आर्थिक ऐनमा उल्लेख नगरेका (सरकारी सम्पत्ति बहाल बापतको आय, अस्पताल शुल्क आदि) सबैको दर आर्थिक ऐनमा तोकेर मात्र राजस्व सकलन गर्ने
- व्यवसाय कर, मालपोतजस्ता क्षेत्रहरुमा संकलनको सम्भावना बढी देखिए पनि यथार्थमा कम संकलन भइरहेकोले यी क्षेत्रहरुमा सही तथ्यांक संकलन गरी प्रभावकारी रुपमा सबैलाई करको दायरामा ल्याई कर संकलन गर्ने ।

- नियमित बैठक, अनुगमनलगायतका क्रियाकलापमा संलग्न गराई राजस्व परामर्श समितिलाई थप क्रियाशील बनाउने ।
- आर्थिक ऐन थप वस्तुपरक र स्थानीय सरकार सञ्चालन ऐनसँग सामञ्जस्य हुने किसिमले तर्जुमा गर्ने
- आय अनुमान र आय प्रतिवेदनका लागि तोकिएको ढाँचा व्यवहारमा ल्याउने
- राजस्व शाखा गठन गरी क्षमता अभिवृद्धि गर्ने तथा अनुगमन, राजस्व तथ्यांक व्यवस्थापन, राजस्व सम्भावना पहिचान तथा राजस्व प्रक्षेपणलगायतका काममा परिचालन गर्ने
- प्राकृतिक तथा नदीजन्य वस्तुको बिक्रीको दर व्यवहारिक रुपमा निर्धारण गर्ने तथा सुनिश्चित नियमित अनुगमन, सुपरिवेक्षणमार्फत् अपेक्षित राजस्व र वातावरणीय प्रभाव न्यूनीकरण सुनिश्चित गर्ने

गाउँपालिकालाई प्राप्त राजस्व अधिकारहरूमध्ये कतिपय अधिकारहरू विगतको तुलनामा निकै फरक भएकाले राजस्व व्यवस्थापनलाई त्यस अनुरुप सुधार गर्नुपर्ने देखिन्छ। राजस्व सुधार कार्य योजनामा उल्लेख भएका क्रियाकलापहरूलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु उचित हुन्छ ।

# अनुसूचीहरु

## अनुसूची १ : सन्दर्भ सामग्रीहरु

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको बजेट वक्तव्य, २०७६।७७
- नेपाल सरकारको आर्थिक ऐन, २०७६
- वागमती प्रदेश सरकारको आर्थिक ऐन, २०७६
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४
- स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठित कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको
- गल्छी गाउँपालिकाको आर्थिक ऐन २०७५।७६
- गल्छी गाउँपालिकाको पार्श्वचित्र, २०७६
- गल्छी गाउँपालिकाको विभिन्न आर्थिक वर्षहरूको गाउँ विकास योजना, बजेट तथा कार्यक्रमहरू
- नेपाल सरकारको वजेट वक्तव्य, २०७७।७८
- वाग्मती प्रदेश सरकारको वजेट वक्तव्य, २०७७।७८
- अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह), आर्थिक वर्ष २०७७/२०७८, नेपाल सरकार
- आर्थिक वर्ष २०७७/२०७८ को बजेट वक्तव्य, वाग्मती प्रदेश सरकार
- आर्थिक वर्ष २०७७/२०७८का लागि सवारी साधन कर बाँडफाँडको अनुमानित विवरण, वाग्मती प्रदेश सरकार

## अनुसूची २ : तथ्यांक/सूचना संकलनका लागि तयार गरिएको सूची तथा फारम

# तथ्यांक संकलन सूची

**गाउँपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्था:**

- संक्षिप्त परिचय
- मुख्य पूर्वाधारको अवस्था
- आर्थिक अवस्था
- सामाजिक, सांस्कृतिक तथा पर्यटकीय अवस्था

**गाउँपालिकाको संगठन तथा राजस्व प्रशासन :**

- संगठन संरचना तथा कर्मचारीको विवरण
- भौतिक सुविधाहरू
- राजस्व शाखा तथा राजस्व प्रशासन
- राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण
- कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
- फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरू
- राजस्व सम्बन्धी डाटा वेस, राजस्व प्रशासनमा सफ्टवेयर र त्यसको प्रयोग
- कम्प्युटर बिलिङ्ग प्रणालीको प्रयोग
- वडा कार्यलयमा राजस्व प्रशासनको अवस्था

**गाउँपालिकाको आय (आन्तरिक तथा बाह्य) सम्बन्धी विवरण:**

- विगत तीन आर्थिक वर्षहरू (२०७३/७४, ०७४/७५ र ०७५/७६) को यथार्थ आय विवरण
- चालु आर्थिक वर्षको (२०७६/७७) को अनुमानीत/बजेट विवरण र माघ मसान्तसम्मको यथार्थ संकलन
- चालु आर्थिक वर्षका लागि गाउँ सभाले पारित गरेको कर, शुल्क तथा दस्तुरका दरहरू

**अन्य दस्तावेज तथा सूचनाहरू**

- निर्वाचित पदाधिकारीहरूको विवरण
- गाउँ सभाले पारित गरेको आर्थिक ऐन
- राजस्वसँग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरू
- गाउँपालिकाको वस्तुस्थिति विवरण (Profile)
- राजस्व परिचालनका लागि भएका प्रभावकारी प्रयासहरू

*स्रोत: प्रशासन, आर्थिक प्रशासन, राजस्व शाखा*

# तथ्यांक संकलन फाराम

**स्वामित्व वा भोग चलनमा रहेका जग्गा**

| क्र.सं. | जग्गा रहेका स्थान | कि.न. | क्षेत्रफल | हालको उपयोग | भाडा वाबहाल रकम (यदि भएमा) |
|---|---|---|---|---|---|
| क | स्वामित्वमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |
| ख | भोग चलनमा रहेको जग्गा | | | | |
| | | | | | |
| | | | | | |

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

**स्वामित्वमा रहेका भवन**

| क्र.सं. | स्थान | भवनको विवरण | हालको उपभोग | भाडा वाबहाल रकम (यदि भएमा) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

स्रोत : जिन्सी शाखा तथा वडा कार्यालय

**राजस्वमा आधारित सूचनाहरू**

**ख. भवनसम्बन्धी विवरण**

| क्र.सं. | घरको वर्गीकरण | अनुमानित संख्या | बहालमा भएको संख्या | औसत बहाल दर |
|---|---|---|---|---|
| १ | व्यापारिक प्रयोजनका लागि निर्मित भवन/घरहरू *(नोट: व्यापारिक कम्प्लेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, निजी विद्यालय तथा क्यापस आदि)* | | | |
| २ | औद्योगिक प्रयोजनका भवन/घरहरू | | | |
| ३ | आवासीय भवन/घरहरू | | | |
| ३.१ | *कच्ची घरहरू (कच्ची जोडाई तथा छाना)* | | | |
| ३.२ | *अर्ध कच्ची घरहरू (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)* | | | |
| ३.३ | *पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)* | | | |
| ३.४ | *पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)* | | | |
| | **जम्मा** | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

**जग्गा सम्बन्धी विवरण**

| क.सं. | जग्गाको किसिम | अनुमानित क्षेत्रफल | औसत मूल्यांकन दर (मालपोत कार्यालयको आधारमा) | कैफियत |
|---|---|---|---|---|
| १ | शहरी क्षेत्र | | | |
| २ | आवासिय क्षेत्र | | | |
| ३ | कृषी क्षेत्र | | | |
| ४ | वन तथा अन्य क्षेत्र | | | |
| | **जम्मा** | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

**सवारी साधन सम्बन्धी विवरण**

| क.सं. | सवारी साधन | अनुमानित संख्या | कैफियत |
|---|---|---|---|
| १ | अटो रिक्सा, ई रिक्सा | | |
| २ | ठेलागाडा, टाँगा, रिक्सा | | |
| **जम्मा** | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय

**ब्यापार व्यवसाय सम्बन्धी विवरण**

| क.सं. | व्यापार व्यवसायको विवरण | साना लगानी | मझौला लगानी | ठुला लगानी |
|---|---|---|---|---|
| १ | उद्योग | | | |
| २ | वित्तिय संस्था (बैंक, विकास बैक, सहकारी, बिमा आदि) | | | |
| ३ | व्यापारिक भवन, मल, निजी अस्पताल, संस्थागत कलेज विद्यालय | | | |
| ४ | डिलर तथा थोक विक्रेता | | | |
| ५ | अन्य व्यवसायहरू | | | |

स्रोत : विभिन्न प्रकाशन वा सूचना शाखा तथा वडा कार्यालय, उद्योग वाणिज्य संघ

**खानीजन्य वस्तु विक्री तथा निकासी**

| उत्पादन/उत्खनन् स्थल | वस्तुहरू | कुल उत्खनन्योग्य परिणाम | बिक्री मूल्य | संभाव्य निकासी परिमाण |
|---|---|---|---|---|
| | ढुङ्गा | | | |
| | गिट्टी | | | |
| | स्लेट | | | |
| | बालुवा | | | |
| | दहत्तर बहत्तर | | | |

स्रोतः आर्थिक प्रशासन शाखा, हालको ठेक्का प्रक्रिया, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा सरोकारवालासँग छलफल

**जडिबुटी, कवाडी र जीवजन्तु व्यवसायिक उपयोग**

| क.सं. | वस्तुहरू | इकाई | कुल संकलन परिणाम | अनुमानित मूल्य |
|---|---|---|---|---|
| क. | जडिबुटी जन्य वस्तुहरू | | | |
| | | | | |
| | | | | |
| ख. | कवाडी जन्य वस्तुहरू | | | |
| | | | | |
| | | | | |
| ग. | जीवजन्तु | | | |
| | | | | |

**बहाल बिटौरी**

| क.सं. | सम्पत्तिहरू | इकाई | परिमाण | दर |
|---|---|---|---|---|
| क. | भवन तथा कोठाहरू | | | |
| | | | | |
| ख. | मेसिनहरू | | | |
| | | | | |
| ग. | सार्वजनिक सम्पत्ति | | | |
| | | | | |

स्रोतः राजस्व परामर्श समिति, आर्थिक प्रशासन, राजस्व तथा जिन्सी शाखा, वडा कार्यालय

**गाउँपालिकाले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेका सेवा**

| क.सं. | सेवाहरू | उपलब्ध गराइएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना के छ ? | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | | | | |
| ४ | धारा | | | | |
| ५ | अतिथि गृह | | | | |
| ६ | धर्मशाला | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ती | | | | |
| ११ | सार्वजनिक शौचालय | | | | |
| १२ | उद्यान | | | | |
| १३ | पौडी पोखरी | | | | |
| १४ | व्यायामशाला | | | | |
| १५ | पर्यटकीय स्थल | | | | |
| १६ | हाट बजार | | | | |
| १७ | पशु बधशाला | | | | |
| १८ | शवदाह गृह | | | | |
| १९ | बसपार्क | | | | |
| २० | अन्य पार्किङ्ग क्षेत्र | | | | |

## अनुसूची ३ : अन्तिम कार्यशाला गोष्ठीका सहभागीहरको नामावली तथा माईन्यूट

आज मिति २०७७/४/२० गते गल्छी गाउँपालिकाका उपाध्यक्ष श्री राधा तिमिल्सिना (लामिछाने) ज्यूको अध्यक्षतामा तपसिलका सरोकारवालाको उपस्थितिमा गल्छी गाउँपालिकाको राजस्व सुधार कार्ययोजनाको मस्यौदा उपर छलफल गरियो।

उपस्थिति

१) राधा तिमिल्सिना, उपाध्यक्ष गल्छी गापा
२) मोहन कुमार कार्की प्रमुख प्रशासकीय अधिकृत
३) मदन कुमार खतिवडा वडा अध्यक्ष - १ नं वडा
४) षडानन्द खनाल, वडा अध्यक्ष २ नं वडा
५) कपिल प्रसाद रेग्मी " ३ "
६) राजु अधिकारी " ४ "
७) प्रेम बहादुर तामाङ " ५ "
८) राजन कार्की " ६ "
९) हरी प्रसाद खतिवडा " ७ "
१०) भरत तामाङ " ८ "
११) सिता पुलामी कार्यपालिका सदस्य
१२) बबिता खतिवडा " "
१३) सरिता कुमारी गौतम अधिकृत छैठौं, उद्योगशाला
१४) कमला पौडेल राजस्व शाखा
१५) तुलसी चपाई वडा सचिव
१६) बिमल पोखरेल कार्यकारी निर्देशक गापा
१७) दामोदर गिरी परामर्शदाता SDIC
१८) महेश नेपाल पूर्णिमा कार्यक्रम
१९) लोक बहादुर थापा "
२०) डोर बहादुर योगी "
२१ गणेश प्रसाद जोशी पार्के, Purnima

छलफल का मुद्दाहरु

१) गल्छी गाउँपालिकाको कार्यपालिका सदस्यहरु राजस्व परामर्श समिति तथा कर्मचारीहरुको

सहभागीतामा आन्तरिक राजस्व सुधार योजनाको आवश्यकता महत्व र भूमिकाको बारेमा प्रशिक्षण सम्पन्न गरियो ।

२) राजस्व सुधार योजना सम्बन्धी मस्यौदा प्रस्तुत भई मस्यौदामा समावेश राजस्वका आधारहरू, राजस्वको दर र दायरा तथा राजस्व संकलन हुन सक्ने क्षेत्रमा सहभागीहरूको सल्लाह सुझाव सहित छलफल भई संशोधन सहितको राजस्व सुधार योजनाको मस्यौदा प्रतिवेदन कार्यपालिकामा पेश गर्ने सहमति गरियो ।

३) कार्यक्रमका अध्यक्ष एवम् राजस्व परामर्श समितिका संयोजक गल्छी गाउँपालिकाका उपाध्यक्ष श्री राधा तिमल्सिनाले गाउँपालिकाले राजस्व सुधार योजनाले देखाएका कार्यदिशा लाई प्रभावकारी कार्यान्वयन गर्ने तथा राजस्व सुधार योजना निर्माण प्रक्रियामा सहयोग गर्ने पूर्णिमा कार्यक्रम तथा परामर्शदाता संस्था SGTC लाई धन्यवाद व्यक्त गर्दै प्रतिबद्धता व्यक्त गर्नु भयो ।

## अनुसूची ४ : राजस्व परामर्श समितिले राजस्व प्रक्षेपण गरी कार्यपालिकामा पेश गर्ने प्रतिवेदनको ढाँचा

**(संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा प्रकाशित स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को अनुसूची २ बमोजिम)**

गल्छी गाउँपालिका

राजस्व परामर्श समितिको प्रतिवेदन, .........

**(क) पृष्ठभूमि**

**(ख) राजस्वको मौजुदा अवस्थाको विश्लेषण**

**(ग) राजस्व नीतिहरु**

**(घ) करका आधारहरु**

**(ङ) आगामी आ.व.को लागि प्रस्तावित कर तथा गैरकर राजस्व दर**

| सि.नं. | राजस्वको क्षेत्रहरु | चालु आर्थिक वर्षको दर | प्रस्तावित दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(च) आगामी आ.व.को लागि अनुमानित कर तथा गैरकर राजस्व रकम**

| सि.नं. | राजस्वको क्षेत्रहरु | गत आ.व.को यथार्थ रकम | चालु आ.व.को संशोधित अनुमान | आगामी आ.व.को अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**(छ) निष्कर्ष तथा सुझावहरु**

(....................)

संयोजक ................

सदस्य ................

**अनुसूची ५ : आ.व. २०७७/०७८ का लागि आर्थिक विधेयक मस्यौदा नमूनाको रूपमा**

# आर्थिक विधेयक २०७७

**गाउँ सभाबाट स्वीकृत भएको मिति : २०७७।०३।...**

गल्छी गाउँपालिका
बैरेनी, धादिङ
बागमती प्रदेश, नेपाल

# आर्थिक विधयेक, २०७७

**प्रस्तावना :** गल्छी गाउँपालिकाको आर्थिक वर्ष २०७७।७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गल्छी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि गल्छी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

***स्पष्टीकरण:*** यस दफाको प्रयोजनका लागि "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर प्रयोजनका लागि घरको र जग्गाको मूल्यांकन दर अनुसूची-२ तथा घरको ह्रास कट्टीको दर अनुसूची-३ मा उल्लेख भए बमोजिम हुनेछ ।

३. **मालपोत :** (१) गाउँपालिका क्षेत्रभित्र दफा २ बमोजिम सम्पत्ति कर लाग्ने बाहेकका अन्य जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असुल उपर गरीनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची -४ मा उल्लेख भएबमोजिम हुनेछ ।

४. **घर जग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, वा जग्गा पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा घर जग्गा बहाल कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने घर जग्गा बहाल करको दर अनुसूची - ५ मा तोकिए बमोजिम हुनेछ ।

५. **व्यवसाय कर :** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोवारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असुल उपर गरीनेछ ।

(२) उपदफा (१) बमोजिम व्यवसाय कर असुली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केटहरूको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असुली गरीनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम लगाइने व्यवसाय करको दर अनुसूची - ६ मा तोकिए बमोजिम हुनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर:** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनसूची -७ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असुल उपर गरिनेछ ।

तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइनेछैन ।

७. **सवारी साधन कर :** (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची-८ मा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार-प्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची-९ मा तोकिए बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर** : गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल बिटौरी शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने बहाल बिटौरी शुल्कको दर अनुसूची-१० मा तोकिए बमोजिम हुनेछ ।

११. **सेवा शुल्क दस्तुर** : गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमार्फत् उपलब्ध गराउने सिफारिश, प्रमाणित, इजाजत जस्ता प्रशासनिक सेवामा अनुसूची-११ मा उल्लिखित दरमा सेवा शुल्क तथा दस्तुर लगाई असुल उपर गर्नेछ ।

**१२. बिक्री गर्न सक्ने** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुहरू तथा आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी आदि तथा नक्सा पासका लागि आवश्यक निवेदन फाईल, बोलपत्र वा दरभाउपत्र फाराम आदि अनुसूची-१२ मा उल्लेख भए बमोजिमको दरमा बिक्री गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुहरू आदि बिक्री गर्दा बिक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम बिक्री मूल्यमा ठेक्का बढाबढ गरी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम ठेक्का निर्धारण नभएमा कार्यपालिकाले निर्णय गरी गाउँपालिकाले अमानत विधिबाट बिक्री गरी रकम संकलन गर्न सक्नेछ ।

**१३. भाडामा लगाउन सक्ने :** गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तिमा अनुसूची -१३ मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ ।

**१४. जरिवाना, ब्याज, हर्जाना र दण्ड :** (१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा वा प्रचलित कानून पालना नगरेको कसूरमा अनुसूची-१४ मा उल्लेख गरिएको व्यवस्था तथा दरमा र सो दर नतोकिएकोमा कार्यपालिकाबाट तोकिएको दरमा जरीवाना सहित बक्यौता असुल गर्नेछ ।

**१५. कर छुट :** (१) गाउँपालिकालाई वार्षिक रुपमा तिर्नुपर्ने कर सोही आर्थिक वर्षको पहिलो चौमासिकभित्र र मासिक रुपमा तिर्नुपर्ने कर महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने करको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोबारमा यस ऐन बमोजिमको कर लिइने छैन ।

*स्पष्टीकरणः* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरू, सरकारी वा सामुदायिक विद्यालयहरू, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

**१८. प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएको विषयहरूमा यसै बमोजिम र उल्लेख नगरिएको विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

अनुसूची -१

(दफा २ को उपदफा (२) सँग सम्बन्धित)

## सम्पत्ति करको दर

| क.सं. | घरको प्रकार | दररेट (प्रति वर्ग फिट) | ह्रासकट्टी दर ((प्रतिशत (प्रतिवर्ष)) |
|---|---|---|---|
| १ | आर.सि.सि. फ्रेम स्ट्रक्चर | | |
| २ | सिमेन्ट जोडाइ इट्टा वा ढुंगाको गारो र आर सि.सि छाना भएका घरहरु: | | |
| ३ | माटोको जोडाइ इट्टा वा ढुंगाको गारो आर.सि.सि.छाना भएका घर | | |
| ४ | सिमेन्ट जोडाइ इट्टा, ढुंगा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु: | | |
| ५ | माटोको जोडाइ इट्टा र ढुंगा वा ब्लकको गारो जस्ता छाना भएका घर: | | |
| ६ | सिमेन्ट जोडाइमा इट्टा वा ढुंगाको गारो भई टायलको छाना भएका घरहरु: | | |
| ७ | काठको घर | | |
| ८ | प्रिफ्याबबाट बनेको घर तथा संरचना | | |

**(ख) जग्गाको मूल्यांकन दर**

घरले चर्चेको जग्गाको मूल्यांकनका लागि जग्गाको हालको मालपोत रजिष्ट्रेशनको दरलाई आधार मानिनेछ।

अनुसूची- २

(दफा २ को उपदफा (३) सँग सम्बन्धित)

# घरको ह्रास कट्टी दर

| बनोटको किसिम | ह्रास कट्टी दर |
|---|---|
| आर.सि.सि. फ्रेम स्ट्रक्चर भएको भवन वा गोदाम | |
| सिमेण्ट वा माटोको जोडाइमा इँट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम | |
| सिमेन्ट वा माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भवन वा गोदाम | |
| जस्ता वा टायलको छाना भएको सेड | |
| कच्ची घर | |

अनुसूची- ३

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

# मालपोतको दर

| जग्गा रहेको क्षेत्र | स्थान | वार्षिक मालपोत दर (प्रति रोपनी) रु. |
|---|---|---|
| बजार उन्मुख क्षेत्र | गल्छी बजार क्षेत्र<br>बैरेनी बजार क्षेत्र<br>मासटार बजार क्षेत्र<br>भल्टार बजार क्षेत्र<br>बेल्खु बजार क्षेत्र<br>मछेडी बजार क्षेत्र<br>बरहाते बजार क्षेत्र<br>सिम बजार क्षेत्र<br>महेश दोभान बजार क्षेत्र | |
| आवासीय क्षेत्र | | - |
| कृषी क्षेत्र | | - |
| पाखो, बगर तथा अन्य क्षेत्र | | - |

अनुसूची- ४

(दफा ४ को उपदफा (२) संग सम्बन्धित)

## घर जग्गा बहाल करको दर

| जग्गा तथा घर भाडामा लिने | करको दर |
|---|---|
| लेखा परिक्षण गराउने दायित्व भएका संस्थाहरूले वहालमा लिएको जग्गा र घरको | |
| अन्य (व्यापार, व्यवसायिक, घरयासी वा कृषी) प्रयोजनका लागि लिएको जग्गा र घरको | |

अनुसूची- ५

(दफा ५ को उपदफा (३) संग सम्वन्धित)

# व्यवसाय करको दररेट

गाउँपालिका क्षेत्रभित्र कुनै पनि किसिमको व्यापार तथा व्यवसाय गर्नेले गाउँपालिकावाट व्यवसाय इजाजत पत्र लिई वार्षिक रुपमा नवीकरण गर्नु पर्नेछ । व्यवसाय दर्ता तथा नवीकरण गर्दा लाग्ने व्यवसाय करको दर देहाय बमोजिम रहेको छ :

| क.सं. | व्यवसायको किसिम | दर्ता दस्तुर | वार्षिक कर | | |
|---|---|---|---|---|---|
| | | | ठूला | मझौला | साना |
| १ | व्यापारिक वस्तु | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| २. | विषेशज्ञ सेवा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ३. | सेवा व्यवसाय | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ४ | उद्योग | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ५ | वित्तीय सेवा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ६. | स्वास्थ्य सेवा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| ७. | शिक्षा सेवा | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची- ६

(दफा ६ सँग सम्बन्धित)

# जडीबुटी, कवाडी र जीवजन्तु करको दर

गाउँ क्षेत्रभित्र उत्पादन वा संकलन भई व्यवसायिक उपयोग हुने निम्नलिखित वस्तुहरूमा देहाय बमोजिम जडीबुटी, कवाडी र जीवजन्तु कर लिइनेछ :

| क.सं. | जडिबुटी, कवाडी र जीवजन्तु | वार्षिक कर | |
|---|---|---|---|
| १ | खाली सीसी, प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चपल, ग्यालन र जर्किन), खाली बोरा, तेलको टिन, धातुका टुक्राहरू, पुन : प्रशोधन (रिसाइक्लिङ्ग) गरी पुनः प्रयोगमा आउन सक्ने सामानहरू | प्रति ट्रिप | ठूलो ट्रक रु. .......<br>सानो ट्रक, टिपर, रु. .......<br>ट्रयाक्टर रु. ....... |
| २. | खोटो प्रति टिन | प्रति टिन | रु. ....... |

अनुसूची- ७

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

# सवारी साधन करको दर

गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने देहायका सवारी साधनमा पहिलो पटक सवारी दर्ता र वार्षिक रुपमा नवीकरण गर्दा लाग्ने करको दर निम्न अनुसार हुनेछ :

| क्र.सं. | सवारीको किसिम | दर्ता तथा इजाजत | वार्षिक कर |
|---|---|---|---|
| १ | अटोरिक्सा, विद्युतीय रिक्सा | | |

अनुसूची- ८

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

## विज्ञापन करको दर

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजत लिई गरिएको विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिनेछ :

| क.सं. | विज्ञापन सामग्रीको किसिम | वार्षिक विज्ञापन कर | |
|---|---|---|---|
| १ | विद्युत्तीय डिजिटल बोर्ड प्रति वर्ग फिट | | |
| २ | होडिङ्ग बोर्ड प्रति वर्ग फिट | | |
| ३ | व्यानर पोष्टर प्रति वर्ग फिट | | |
| ४ | भित्ते लेखन प्रति वर्ग फिट | | |
| ५ | व्यापार तथा मेला आदीमा इलेक्ट्रोनिक डिस्प्ले (दैनिक) | | |

नोटः (१) गाउँपालिका क्षेत्रभित्र निजी सम्पत्तिको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ । यस्तो विज्ञापन राखे वापत गाउँपालिकालाई बुझाउनु पर्ने विज्ञापन करको दर सार्वजनिक स्थलमा राखेको विज्ञापन करको दरको आधा (पचास प्रतिशत) हुनेछ ।

(२) गाउँपालिकाको इजाजत नलिई गरिएको विज्ञापन सामग्रीहरूलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रिम सूचनाविना हटाउन सक्नेछ ।

(३) पसलहरूमा राखिने परिचयपाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साइज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचयपाटीमा विज्ञापनमूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।

अनुसूची- ९

(दफा १० को उपदफा (२) सँग सम्बन्धित)

# बहाल बिटौरी शुल्कको दर

**क. ऐलानी तथा सार्वजनिक स्थलको उपयोग**

| स्थान | शुल्कको दर | कैफियत |
|---|---|---|
| गाउँक्षेत्रका सडकको दायाँ बायाँको जग्गा उपभोग गरेबापत | प्रति रोपनी न्यूनतम मासिक रु ......... र अन्य क्षेत्रमा न्यूनतम मासिक रु ........... | |
| सार्वजनिक स्थलमा पटके रुपमा उपयोग गरे बापत | प्रति वर्गफिट दैनिक रु. .......... | |

**ख. अस्थायी हाटबजार र घुम्ती पसल (पटके रुपमा)**

| क्र.सं. | व्यापार/व्यवसाय/कारोबार | शुल्कको दर (पटके रुपमा) |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची- १०

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

# शुल्क तथा दस्तुरको दर

| क.सं. | सिफारिश, अनुमति तथा प्रमाणित | दर रु |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | अन्य सिफारिश दस्तुर | |

अनुसूची- ११

(दफा १२ सँग सम्बन्धित)

# बिक्रीको दर

| सामग्रीहरू | एकाई | बिक्री दर रु |
|---|---|---|
| ढुंगा, गिट्टी | प्रति घन फिट | |
| बालुवा | प्रति घन फिट | |
| माटो | प्रति घन फिट | |
| काठ | प्रति वर्ग फिट | |
| बोलपत्र वा दरभाउ पत्र फाराम | प्रति गोटा | रु …….. वा सोभन्दा माथि (सार्वजनिक खरिद नियमावली अनुसार) |
| नक्सापासको पुस्तक तथा निवेदन | | |

अनुसूची- १३

(दफा १३ सँग सम्बन्धित)

# सम्पत्ति भाडाको दर

| सम्पत्ति | भाडा दर रु |
|---|---|
| जेसीबी (एक्साभेटर) प्रति घण्टा (इन्धन तथा अपरेटर खर्च वाहेक) | |
| हल भाडा साउण्ड सिस्टम सहित (प्रति पटक) | |
| हल भाडा साउण्ड सिस्टम बाहेक (प्रति पटक) | |
| प्रोजेक्टर (प्रति पटक) | |
| | |

अनुसूची- १४

(दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

# जरिवाना, शुल्क र ब्याज (हर्जाना) लाग्ने सम्बन्धी व्यवस्था

**जरिवाना लाग्ने :** तल उल्लिखित कसुर गर्ने व्यक्ति, व्यवसायी वा संस्थालाई देहायको दरमा जरिवाना लाग्नेछ :

| क्र. सं. | कसुर | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य पदार्थहरू उत्खनन् तथा बिक्री अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले तोकिएको परिमाणभन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन् गरेमा | उत्खनन् भएको परिमाण जफत गरी प्रति घन फिट रु ..... जरिवाना |
| २ | नक्सा पास नगरी निर्माण कार्य गरेमा | रु. .................. |
| ३ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | रु. .................. |
| ४ | गाउँपालिकाले निषेध गरेका क्रियाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निणर्य गरे बमेजिम रु. ........... सम्म |
| | | |
| | | |

**ब्याज (हर्जाना) लाग्ने :** कुनै करदाताले यस ऐन बमोजिम लाग्ने कर, दस्तुर, सेवा शुल्क समयमा दाखिला नगरेमा अन्यत्र ब्याज (हर्जाना) तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा तिर्नु बुझाउनु पर्ने रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज (हर्जाना) लाग्नेछ ।

**समयमा विवरण दाखिदा नगरेमा शुल्क लाग्ने :** यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएको करदाताले समयमा विवरण दाखिला नगरेमा यस ऐन बमोजिम तिर्नुपर्ने करको दोब्बर रकम विलम्ब शुल्कसहित लाग्ने कर निजबाट असुल गरिनेछ ।

**झुट्टा विवरण दिएमा जरिवाना लाग्ने :** यस ऐन तथा प्रचलित कानून बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले कर छल्ने नियत लिई झुट्टा वा अधुरो विवरण दाखिला गरेमा नियमानुसार लाग्ने करको तेब्बर रकम जरिवाना सहित लाग्ने कर निजबाट असुल गरिनेछ ।

**ब्याज (हर्जाना) नलाग्ने :** यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज (हर्जाना) र जरिवानामा पुनः ब्याज (हर्जाना) लाग्ने छैन ।